# परिच्छेद एक

## परिचय

छात्रवृत्ति सम्बन्धी कार्यक्रमको इतिहास निकै लामो छ । यसको सुरुवात कहाँबाट भयो भनी  यकिन गर्न गाह्रै पर्छ तैपनि यसको सुरुवात शिक्षाको विकाससँगै औपचारिक अनौपचारिक रुपमा भएको पाइन्छ । विकास उन्मुख देशहरुले आफ्ना सबै नागरिकहरुलाई शिक्षाको समान अवसर प्रदान गर्ने उद्देश्यले यसको सुरुवात भएको मान्न सकिन्छ । यस कार्यक्रमलाई सर्वप्रथम औपचारिक रुपम दिने कार्य युरेपीयन देशहरुबाट सुरु भएको देखिन्छ । जसले आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायका बालालिकाहरुलाई शिक्षा प्रदान गर्नलाई सजिलो बनाउँदछ ।

नेपालको इतिहासमा मासिक रु ३००।- दिएर बुद्धिमान सिंहलाई फारसी र वैयाकरण केशरीलाई मासिक रु ५०।- दिएर संस्कृत पढ्न पृथ्वीनारायण शाहले भारत पठाएबाट नेपालमा छात्रवृत्ति दिने कार्यको सुरुवात भएको पाइन्छ । त्यस्तै वि.सं १९४८ सालमा मरिचमान मरुहीटीले अंग्रेजी पढ्न वर्षमा रु १००।- छात्रवत्ति पाएका थिए भन्ने कुरा इतिहासमा उल्लेख भएको छ । राणाकालमा आएर वीरशमशेरले तीनधारा पाठशाला सञ्चालन गर्न राखिएको गुठीको आयस्तरबाट पाठशाला स्थापना गरी बाँकी रहन आएको रकम ढुकुटीमा नराखी त्यसैबाट छात्रवृत्ति दिई भारत तर्फ पढ्न पठाएको र वि.सं १९४९ मा वासुदेव उप्रेतीले प्रथम रेन्जर कोर्ष पढ्न छात्रवृत्ति पाएका थिए । तर छात्रवृत्ति रकम कति प्राप्त गरेका थिए भन्ने कुराको जानकारी भएको छैन । त्यसै वि.सं १९८४ तिर चन्द्रशमशेरले केही छात्राहरुलाई कलकत्ता, दरभङ्गा, वनारस, इलाहावाद, लखनऊमा म्याट्रिक, एम.ए., बी.कम.इलोक्ट्रोनिकल, इन्जिनियर र ओभरसियरका लागि रु ३६० देखि ८४० रकम छात्रवृत्ति दिई पढन् पठाएको पाइन्छ (शर्मा, २०६३) ।

नेपालमा प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम २००४ सालपछि केही रुपमा सञ्चालन भए पनि त्यो त्यति प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको पाइन्छ । त्यसताका छात्रवृत्ति वितरण तथा कार्यान्वयनसँग सम्बन्धित खासै नीतिगत योजना नभएको कारणले गर्दा छात्रवृत्ति वितरणमा ठोस मापदण्डको व्यवस्था भएको देखिदैन खाली एउटा वर्ग र समुदायलाई लक्षित गरेर छात्रवृत्ति दिने गरेको पाइन्थ्यो । नेपालमा छात्रवृत्ति सम्बन्धी कुरालाई रा.शि.प. यो. (२०२८-३२) ले दलित , पिछडिएको वर्ग, महिला , जनजाति तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति दिनुपर्ने कुरामा जोड दिएको पाइन्छ र त्यसै अनुरुप वि.सं २०३५ सालमा अन्तर्राष्ट्रिय बालवर्ष घोषणाको अवसर पारेर प्राथमिक तहमा (१-३) कक्षा सम्मका बालबालिकारुलाई निशुल्क पाठ्यपुस्तक वितरण गरेको

पाइन्छ । त्यस्तै वि.सं २०४२ सालमा नेपालको धादिङ र काभ्रेपलाञ्चोक जिल्लामा युनिसेफको सहयोगमा महिला छात्रवृत्ति र पोसाक वितरण कार्यक्रम सञ्चालन भएको थियो । त्यो कार्यक्रम २ वर्षमा नेपालभर लागू गर्ने भनिए तापनि वि.सं २०४४-४८ सालमा आएर मात्र ६५ जिल्लामा सञ्चालित भएको थियो । त्यस्तै आर्थिक रुपमा पछाडि परेका बालबलिकाहरुका निम्ति तत्कालीन श्री ५ को सरकारद्वारा सञ्चालित दलित छात्रवृत्ति कार्यक्रम ४५ जिल्लामा लागू गरिएको थियो जुन हालसम्म २०६७/०६८ सम्म पनि सञ्चालन रहेको पाइन्छ (अधिकारी, २०६७)।

प्राथमिक तहका बालबालिकाहरु सबैलाई अध्ययनमा आकर्षित गर्न नेपाल सरकारले २०४२ सालदेखि प्राथमिक तहमा विभिन्न खालका छात्रवृत्ति कार्यक्रमहरु सञ्चालन गर्दै आएको पाइन्छ । त्यस्ता कार्यक्रमले विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय जान सजिलो होस्, बीचमा नै कक्षा छोड्ने अवस्था नहोस् भन्ने उद्देश्यले राखेको छ । हाल प्राथमिक तहमा विभिन्न खालका छात्रवृत्ति कार्यक्रमहरु सञ्चालनमा रहेको पाइन्छ जुन नेपालभरि लागू भएको पाइन्छ ।

छात्रवृत्ति कार्यक्रमलाई पाँचौ पञ्चवर्षिय योजनाले संस्थागत रुपमा सुरुवात गरेको पाइन्छ । त्यसपछिका दिनहरुमा छैटौं, सातौं आठौं लगायत सबै योजनाले छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिदै आएको देखिन्छ । अन्तरिम तीनवर्षे योजनामा समेत छात्रवृत्तिका विभिन्न शीर्षकमा बजेट छुट्याएको पाइन्छ । जसअन्तर्गत जम्मा ३१,८०,००० छात्रवृत्ति प्रदान गर्ने, दलित परिवारका ७,९०,००० बालबालिकाहरुलाई वार्षिक छात्रवृत्ति प्रदान गर्ने, ९६,५७२ जना अर्थात् सम्पूर्ण छात्राहरुलाई मासिक १०० का दरले १० महिनाको जम्मा १०००।- प्रदान गर्ने ३२,४०० अपाङ्ग विद्यार्थीहरुका लागि समाहित शिक्षाअन्तर्गत छात्रवृत्ति प्रदान गर्ने १६,८०, ००० विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था (२६ जिल्लामा) गर्ने लक्ष्य राखिएको थियो । त्यस्तै विद्यालय सुधार योजना अन्तर्गत ४४,००,००० विद्यार्थीहरुका लागि वार्षिक प्रति विद्यार्थी हिमाल, पहाड र तराईमा क्रमशः रु.३२५, ३०० र २७५ का दरले वितरण गर्ने लक्ष्य राखिएको थियो (राष्ट्रिय योजना आयोग कार्यपत्र, ६४/०६७) ।

समग्रमा भन्दा प्राथमिक तहमा छात्रवृत्ति वितरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रम, दलित छात्रवृत्ति कार्यक्रम , अपाङ्ग छात्रवृत्ति कार्यक्रम, जेहेन्दार छात्रवृत्ति, पिछडिएको वर्गलाई दिने छात्रवृत्ति कार्यक्रम, स्थानीय स्तरबाट दिने छात्रवृत्ति कार्य क्रम, खाने तेल वितरण, पोसाक वितरण, पौष्टिक आहार वितरण जस्ता कार्यक्रम सञ्चालनमा रहेको पाइन्छ । यस्ता कार्यक्रमहरुले विद्यालयमा बालबालिकाहरुलाई कतिको ध्यान तान्न सकेको छ वा त्यस

छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुको शैक्षिक उपलब्धि सुधारमा कतिको प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छ त्यसमा छात्रवृत्ति कार्यक्रमले सफलता निर्वाह गर्दछ ।

**१.१ अध्ययनको सन्दर्भ**

कुल प्राथमिक उमेर समूहका बालबालिकाहरुमध्ये ६.३ प्रतिशत (सोपान मासिक २०६७, मंसिर) अझै पनि विद्यालय प्रणालीबाट बाहिर छन् । उच्च तह तथा कक्षाहरुमा विद्यार्थी सहभागिताले बढ्दो कक्षा स्तरसँगै घट्दो सहभागिता देखाउँदछ । विद्यार्थी दोहोरिने क्रम उच्च हुनु अर्को समस्या हो । देशको शिक्षा प्रणालीमा सुधार गर्न बाधा पुऱ्याउने तत्वहरुमा भौगोलिक अवस्था, सामाजिक सांस्कृतिक मूल्यमान्यता तथा परम्परागत व्यहवारहरु जनताको शैक्षिक र आर्थिक अवस्था आदि रहेका छन् । त्यस्तै मुलुकका अनेक चुनौतीहरु पनि रहेका छन् । जस्तै अशिक्षा, शून्य सहभागीता विद्यालय छाड्ने समस्याहरु, क्षेत्र, लिङ्ग, अशक्तता पिछडिएको अवस्था मूल्य मान्यतामा रहेको फरक आदि कारणले फरक फरक छन् । ग्रामीण तथा सहरी महिला, पुरुष धार्मिक तथा सामाजिक समूहहरु बीचमा ठूलो फरक छ । शैक्षिक उपलब्धिको आधारमा दुर्गम ग्रामीण क्षेत्र महिला, दलित,पिछडिएको वर्ग तथा गरिबहरु शिक्षामा बढी पछाडि परेका छन् । पछाडि परेकमा वर्ग जाति समूहका बालबालिकारुलाई अझै पनि वेवास्ता तथा हेला गरिनुका साथै उनीहरुलाई असुरक्षित अवस्थामा बाँच्न बाध्य तुल्याइएको छ । यी समस्या, अवरोध, चुनौती, बाधा व्यवधान तथा सरोकारवालाहरुलाई सम्बोधन गर्न सरकारी तथा गैर सरकारी दुवै क्षेत्रबाट थुप्रै प्रयासहरु हुँदै आएका छन् । यसै परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाहरुलाई सम्बोधन गर्नका लागि बालबालिकारुलाई छात्रवृत्ति प्रदान गरिने कार्यक्रमहरुलाई सबैभन्दा महत्वपूर्ण रणनीतिको रुपमा लिन सकिन्छ ।

नेपाल सरकारले छात्रवृत्ति कार्यक्रम वि.सं २०२८ सालदेखि नै संस्थागत रुपमा गरेपनि अझै पनि सबै बालबालिकाहरु विद्यालयमा सहभागी हुन सकेका छैनन् भने अर्कातिर भर्ना भएका बालबालिकाहरु पनि विद्यालयमा टिकाइ राख्न नसकेको अवस्था छ । यस्तो अवस्थामा छात्रवृत्ति कार्यक्रमले किन विद्यार्थी र अभिभावकको ध्यान तान्न सकेन, छात्रवृत्ति कार्यक्रम किन विद्यार्थीमुखी बन्न सकेन यस्ता प्रश्नको उत्तर तमाम नीति निर्धारकहरुले दिनुपर्ने हुन्छ । साथै छात्रवृत्ति कार्यक्रम केवल प्रचारको रुपमा भयो कि ? छात्रवृत्तिसँग सम्बन्धित निकायले यसलाई राम्रोसँग परिचालन गर्न सकेनन् कि ? यस्ता तमाम प्रश्नहरुको उत्तर कसले दिने ?

हाम्रो जस्तो विकासोन्मुख देशका लागि शिक्षा एकदमै महत्वपूर्ण चिज हो जुन विना अरु कुनै कुराको कल्पनासम्म गर्न सकिदैन । सरकारले नीति नियममा उल्लेख गरेअनुसारका छात्रवृत्ति कार्यक्रमहरुलाई सम्बन्धित निकाय सम्म पुऱ्याउन ढिलो गर्नु, दिएको छात्रवृत्ति रकम पनि एकदमै

न्यून हुनु, सबै ठाउँमा छात्रवृत्ति रकमको सही सदुपयोग नहुनु जस्ता कारणले गर्दा छात्रवृत्तिको सही रुपमा सदुपयोग हुन सकेको छैन । यही सन्दर्भमा आधारित भई यो अध्ययन गरिएको थियो ।

### १.१.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाहरुबीच राम्रो व्यवहार ल्याउनका लागि छात्रवृत्ति कार्यक्रमहरुले सकारात्मक प्रभाव पार्नसक्छ । यस बाहेक आन्तरिक कार्यक्षमताको परिमाणात्मक सूचकहरु अन्य गुणात्मक चरित्रहरु, बालबालिकाहरु बीचको व्यवहार, छात्रवृत्ति कार्यक्रमका परिणामहरु हुन सक्छन् । छात्रवृत्ति कार्यक्रमको ठूलो प्रभाव रहेको क्षेत्रमध्ये अर्न्तव्यक्ति सम्बन्धहरु, कक्षा अर्न्तक्रिया, छलफल, अध्यापन विधिमा सुधार, सिकाइमा सहभागिता, व्यक्तिगत स्वास्थ्य, सरसफाई, सचेतना, उत्प्रेरणा, अनुशासन र इमान्दारिता आदि पर्दछन् । जसले बालबालिकाहरुको व्यवहारमा सुधार ल्याउन सहयोग पुऱ्याउन सक्छ ।

नेपाल जस्तो विषम भौगोलिक अवस्था भएको देशमा सबै बालबालिकालाई विद्यालयको आँगनमा अटाउनलाई पक्कै पनि चुनौतिपूर्ण मान्न सकिन्छ । त्यसमा पनि कृषि प्रधान देश, गरिबीको रेखामुनि २५.४ प्रतशित (राष्ट्रिय योजना आयोग कार्यपत्र, २०६७-०७०) भन्दा बढी जनसंख्यामा हुनु, छोराछोरीबीच भेदभाव हुनु आदि कारणले गर्दा सबै बालबालिकाहरु विद्यालय पठाउन गाह्रो भएको हो । त्यस कारण दलित, गरिब जनजाति, महिला, अपाङ्ग आदि बालबालिकाहरुलाई विद्यालयमा आकर्षित गरी "सबैका लागि शिक्षा" भन्ने नारालाई सार्थक तुल्याउन छात्रवृत्ति कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्ने देखिन्छ । नेपालमा छात्रवृत्ति कार्यक्रमको इतिहास पुरानो भएको पाइन्छ तर पनि वि.सं २००७ सालमा नेपालको साक्षरता २ प्रतशित मात्र थियो त्यसले पनि के भन्न सकिन्छ भने त्यस बेलाको छात्रवृत्ति सीमित वर्ग र व्यक्तिमा मात्र सीमित थियो । २००७ सालको क्रान्ति पश्चात नेपालको शैक्षिक क्षेत्रमा पनि ठूलो परिवर्तन भयो त्यही क्रममा छात्रवृत्ति सम्बन्धित कार्यक्रमहरु पनि धैरै सञ्चालनमा आउन थाले तर पनि संस्थागत रुपमा छात्रवृत्ति कार्यक्रम रा.शि.प.यो.२०२८ देखि सञ्चालनमा आएको देखिन्छ । नेपालको योजनाहरुको कुरा गर्दा पाँचौ पञ्चवर्षिय योजनामा १२,०००।- छात्रवृत्ति रकम छुट्याएर यसलाई निरन्तरता दिने काम गरेको पाइन्छ । हाल आएर नेपालका ७५ वटै जिल्लामा विभिन्न खाले छात्रवृत्ति कार्यक्रमहरु सञ्चालन भइरहेको पाइन्छ ।

छात्रवृत्ति कार्यक्रम सरकार तथा विभिन्न गैर सरकारी संस्थाहरुले सञ्चालन गर्दै आएको पाइन्छ । जस्तैः नेपाल सरकारले ५० प्रतशित छात्र छात्रवृत्ति कार्याक्रम दलित छात्रवृत्ति कार्यक्रम, अपाङ्ग छात्रवृत्ति कार्यक्रम, पिछडिएको वर्ग वा क्षेत्रमा छात्रवृत्ति कार्यक्रम र जेहेन्दार छात्रवृत्ति

कार्यक्रम सञ्चालनमा रहेका छन् । यसका अलावा पोसाक वितरण, खाने तेल वितरण र दिवा खाजा जस्ता कार्यक्रम पनि विभिन्न गैर सरकारी संस्थाको सहयोगमा सञ्चालित रहेको छ । तर पनि ती कार्यक्रमहरुबाट प्रा.वि. तहमा ६.३ प्रतशित (सोपान मासिक २०६७ मंसिर) बालबालिकाहरु विद्यालयमा अटाउन सकेको पाइँदैन त्यस्तै प्रा.वि. तहमा खुद भर्नादर १०० प्रतशित पुऱ्याउन नसक्नु, विद्यालय भर्ना भएका सबै बालबालिकाहरुले प्रा.वि. तह उत्तीर्ण गर्न नसक्नु सरकार सामु एउटा ठूलो चुनौतीको रुपमा रहेको छ ।

### १.१.२ अध्ययन क्षेत्रको पृष्ठभूमि

नेपाल भौगोलिक हिसाबले विविधता भएको मुलुक हो । जहाँ हिमाल पहाड र तराई जस्ता प्राकृतिक विविधता देख्न सकिन्छ भने अर्कातर्फ मानव निर्मित संरचना ग्रामीण क्षेत्र र सहरी क्षेत्र , ती भौगोलिक क्षेत्रमा छुट्टाछुट्टै सांस्कृतिक, आर्थिक, सामाजिक चालचलन रहेका छन् । ती सबै कुराको प्रभाव शिक्षा क्षेत्रमा पनि परेको देख्न सकिन्छ । भौगोलिक तथा आर्थिक सामाजिक कारणले गर्दा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन र उपलब्धिमा समेत ठाउँ अनुसारको प्रतिफल देख्न सकिन्छ । नेपाल सरकारले छात्रवृत्ति कार्यक्रमका लागि ठूलो रकम छुट्याइएको छ त्यो रकमको सही रुपमा कार्यान्वयन भयो वा भएन भन्ने कुरा त्यहाँको शैक्षिक उपलब्धीको अवस्थाले इङ्गित गर्दछ ।

नेपालको जनकपुर अञ्चल अन्तर्गत पर्ने सर्लाही जिल्ला १२५९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको जनसंख्या २०५८ सालको जनगणना अनुसार ६३५७०१ जना रहेको छ भने यस जिल्लामा पनि नेपालका अन्य जिल्लामा झै विभिन्न जात जातिका मानिसहरुको बसोवास रहेको छ । यस जिल्लामा प्रमुख रुपमा थारु, यादव, मुसलमान, ब्राह्मण, क्षेत्री, महतो, पासवान, साह, तामाङ जस्ता जातजातिको बसोवास रहेको छ भने भाषिक रुपमा पनि विविधता पाइन्छ जस्तै : मैथली , थारु, नेपाली बजिका, तामाङ आदि ।

शैक्षिक क्षेत्रको कुरा गर्दा सर्लाही कम साक्षरता भएको जिल्लाको सूचीमा पर्दछ । यस जिल्लामा विद्यालय संख्या प्रशस्त भए पनि एकै बालबालिका विद्यालय जान सकेका पाइँदैन । यस जिल्लामा (२००९-१०) भित्रमा प्राथमिक तहमा जम्मा छात्रा ५९५६८ र छात्र ६७७१९ गरी जम्मा १२६२८७ जना विद्यार्थी भर्ना भएको देखिन्छ । त्यसमा पनि जनजाति १७०८२ छात्रा र १७५३० छात्र गरी जम्मा ३४६१२ जना, दलित १६२२१ जना छात्र र १८५०८ छात्रा गरी जम्मा ३४७२९ जना विद्यार्थी भर्ना भएका देखिन्छन् । समग्रमा यस जिल्लाको प्राथमिक तहको कुल भर्नादर १२५.५ प्रतिशत देखिन्छ भने जसमा छात्रा १२१.६ प्रतिशत, छात्र १२९.१ प्रतिशत देखिन्छ त्यस्तै प्राथमिक तहको खुद भर्नादर ८६.३ प्रतिशत देखिन्छ । भने त्यसमा पनि छात्रा ८२.५ प्रतिशत र छात्र ९०.०

प्रतिशत देखिन्छ । यस जिल्लामा प्राथमिक तहमा कुल भर्ना भएका मध्ये छात्रा ७३.६ प्रतशित र छात्र ७६.४ प्रतिशत गरी जम्मा ७५.२ प्रतिशत विद्यार्थीले प्राथमिक तह पार गरेको देखिन्छ । त्यस्तै कक्षा दोहोऱ्याउने छात्रा १३.० प्रतिशत र छात्र १५.४ गरी जम्मा १४.१ प्रतिशतले कक्षा दोहोऱ्याउने गरेको देखिन्छ । कक्षा छाड्ने दर छात्रा ११ प्रतिशत र छात्र १०.६ प्रतिशत गरी जम्मा १०.८ प्रतिशतले प्राथमिक तहको विचमै कक्षा छाड्ने गरेको पाइन्छ (शिक्षा विभाग, २०६६-६७) ।

माथिका तथ्याङ्कका आधारमा के भन्न सकिन्छ भने सर्लाही जिल्लाको तथ्याङ्कभन्दा नेपालको राष्ट्रिय तथ्याङ्क राम्रो देखिन्छ । यस जिल्लामा पनि सरकारी नीति अनुसार विभिन्न खाले छात्रवृत्ति कार्यक्रमहरु सञ्चालित छन् तर पनि किन शैक्षिक स्थिति सोच जति सुधार हुन सकेन भन्ने प्रश्न उठ्न सक्छ त्यसैले सर्लाही जिल्ला अन्तर्गत पर्ने ४ वटा प्राथमिक विद्यालयलाई आधार मानी त्यस विद्यालयसँग सम्बन्धित विद्यालय निरीक्षक, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकसँग प्रत्यक्ष अन्तर्वार्ता तथा अवलोकनबाट छात्रवृत्तिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी त्यसेका आधारमा अध्ययन गरिएको थियो ।

### १.२ समस्याको कथन

प्राथमिक तहमा भर्ना हुने सबै विद्यार्थीहरु विद्यालय नछोडून् तथा भर्ना नभएका बालबालिकाहरुलाई समेत विद्यालयमा आकर्षित गर्न, अभिभावकलाई सकारात्मक उत्प्रेरणा जगाउन विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम, पौष्टिक आहार, पाठ्यपुस्तक, पोसाक, खाने तेल वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिँदा गरिँदै पनि विद्यालय उमेरका सबै बालबालिकाहरु भर्ना हुन सकेका छैनन् भने भर्ना भएका बालबलिकाले पनि सोचजति उपलब्धि हासिल गर्न नसकेको अवस्था छ । यसरी विद्यालय शिक्षामा सकारात्मक, सम्पन्न र प्रभावको नियम अनुसार शिक्षामा सहभागिता कम भएका, आर्थिक तथा सामाजिक रुपले पछि परेका जाति, वर्ग, लिङ्ग तथा समुदायका बालबालिकाहरुलाई विद्यालयमा बढी भन्दा बढी भर्ना गराउने, भर्ना भएकालाई विद्यालयमा टिकाइ राख्न विभिन्न उत्प्रेरणा मूलक कार्यक्रम (छात्रवृत्ति) हुँदा हुँदै पनि किन सबै विद्यार्थी विद्यालयमा जान सकेका छैनन् , छात्रवृत्ति पाएका सबै बालबालिकारुले किन राम्रो शैक्षिक उपलब्धि हासिल गर्न सकेका छैनन् भन्ने जस्ता कारणले गर्दा यो अध्ययन गर्न खोजिएको छ ।

### १.३ अनुसन्धान प्रश्नहरू

"प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव" अध्ययनले निम्न प्रश्नहरुसँग सरोकार राख्दछ :

(क) प्राथमिक तहमा छात्रवृत्ति वितरणका उद्देश्यहरु के के छन् ?

(ख) छात्रवृत्तिका वितरणका योजनाहरु के के छन् ?

(ग) प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया कस्तो छ ?

(घ) छात्रवृत्तिले विद्यार्थी भर्नामा कस्तो प्रभाव पार्दछ ?

(ङ) छात्रवृत्तिले विद्यार्थीको कक्षा क्रियाकलापमा कस्तो प्रभाव पारेको छ ?

(च) छात्रवृत्तिले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

(छ) छात्रवृत्ति कार्यक्रमलाई उपयुक्त र प्रभावकारी बनाउन के कस्ता उपायहरु अवलम्बन गर्नु पर्ला ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव पत्ता लगाउनु रहेको छ ।

यस अध्ययनका विशिष्ट उद्देश्य निम्नानुसार राखिएको छ :

(क) प्राथमिक तहमा छात्रवृत्ति वितरण को उद्देश्य, योजना र प्रक्रियाबीचको सम्बन्ध पत्ता लगाउनु ।

(ख) प्राथमिक तहमा छात्रवृत्ति वितरणका प्रभावहरुको लेखाजोखा गर्नु ।

(ग) छात्रवृत्ति वितरण कार्यक्रमको सबल र दुर्बल पक्षहरु पत्ता लगाउनु ।

## १.५ अध्ययनको औचित्य

यस अध्ययनले निम्न लिखित औचित्य वा महत्व राख्नेछ :

(क) प्राथमिक तहमा वितरण गरिएको छात्रवृत्तिको उद्देश्यको बारेमा प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी आदिलाई जानकारी दिन सहयोग गर्ने छ ।

(ख) छात्रवृत्ति कार्यक्रमले निर्धारण गरेको योजनाका बारेमा प्र.अ., शिक्षक, व्यवस्थापन समिति, अभिभावक आदिलाई सहयोग गर्नेछ ।

(ग) प्राथमिक तहमा वितरण गरिएको छात्रवृत्ति के कसरी वितरण भएको छ सरोकारवाला व्यक्तिलाई ध्यानाकर्षण गर्न ।

(घ) प्राथमिक तहमा वितरण गरेको छात्रवृत्ति कार्यक्रमलाई शिक्षक, अभिभावक, प्र.अ. वि.नि. तथा विद्यार्थीले के कसरी लिएका छन् सो कुराको सम्बन्धित व्यक्ति वा संस्थालाई जानकारी गराउन सहयोग गर्नेछ ।

(ङ) छात्रवृत्ति कार्यक्रमको सबल र दुर्बल पक्षको पहिचान गरी दुर्बल पक्षलाई हटाउने उपायका बारेमा सम्बन्धित व्यक्तिलाई सहयोग गर्नेछ ।

(च) छात्रवृत्ति कार्यक्रमबाट आएको सकारात्मक पक्षहरुको बारेमा थाहा पाउन सम्बन्धित निकाय वा व्यक्तिलाई सहयोग पुग्ने छ ।

(छ) छात्रवृत्ति वितरण प्रक्रियाबाट शैक्षिक उपलब्धिमा पारेको प्रभावलाई सम्बन्धित व्यक्ति वा निकायलाई जानकारी लिन सहयोग गर्नेछ ।

**१.६ अध्ययनको परिसीमा**

यस अध्ययनलाई समय, स्रोत, साधन, जनशक्ति र आर्थिक स्थितिलाई मध्यनजर गर्दै निम्न क्षेत्रमा सीमित गरिएको थियो ।

क. यो अध्ययन सर्लाही जिल्ला जब्दी गा.वि.स. र लालबन्दी गा.वि.स. अन्तर्गत पर्ने ४ वटा सामुदायिक प्राथमिक विद्यालयहरूमा मात्र सीमित गरिएको थियो ।

ख. यो अध्ययन कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुमा मात्र सीमित गरिएको थियो ।

ग. यो अध्ययन ती विद्यालयमा वितरण हुने छात्रवृत्ति वितरण र शैक्षिक उपलब्धिमा पुगेको योगदान प्रक्रियामा मात्र सम्बन्धित रहको थियो ।

घ. यो अध्ययनमा प्राथमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी, निजको अभिभावक, ती विद्यालयका शिक्षक, प्र.अ.तथा त्यस विद्यालयहरु हेर्ने वि.नि.लाई मात्र नमुनाको रुपमा छनोट गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

(ङ) यो अध्ययन ती विद्यालयहरु अन्तर्गत सञ्चालित सरकारी छात्रवृत्ति कार्यक्रम र विद्यालय तहबाट सञ्चालित कार्यक्रहरु दलित छात्रवृत्ति, छात्रा छात्रवृत्ति, जनजाति गरिब तथा जेहेन्दार छात्रवृत्तिमा मात्र सीमित रहेको थियो ।

**१.७ शब्दावलीको परिभाषा**

यस अध्ययनमा प्रयोग गरिएका शब्दावलीलाई निम्नानुसार परिभाषित गरिएको छ ।

**(क) प्राथमिक शिक्षा** : शिक्षा ऐन २०२८ (आठौँ संशोधन) अनुसार १-५ कक्षासम्मको शिक्षा ।

**(ख) प्राथमिक विद्यालयः** कक्षा १-५ सम्मको शिक्षा शिक्षा दिने विद्यालय

(**ग**) **दलित विद्यार्थी** : दलित विद्यार्थी भन्नाले २३ किसिमका जाति राष्ट्रिय दलित आयोगले तोकेका जातिका विद्यार्थीलाई जनाउँछ ।

(**घ**) **अपाङ्ग** : शारीरिक रुपमा अङ्गभङ्ग हुनु वा शारीरको कुनै अङ्ग बेकाम भएको ।

(**ङ**) **छात्रवृत्ति** : छात्रवृत्ति भन्नाले प्राथमिक तहमा अध्ययन गर्ने गरिब तथा सामाजिक रुपले पिछडिएको छात्रछात्राहरुका लागि निर्धारण गरिएको सहुलियत वा प्रोत्साहन रकम ।

(च) **जनजाति विद्यार्थी** : नेपाल सरकारले आदिवासी जनजाति भनी तोकिएका ५९ जातिका विद्यार्थीहरु जस्तै : मगर, थारु, तामाङ, नेवार आदि ।

# परिच्छेद दुई

## पूर्वसाहित्यको समीक्षा

### २.१ सैद्धान्तिक ढाँचा

सबैका लागि शिक्षाको नारालाई साकार पार्न सकारात्मक विभेद एउटा प्रमुख उपाय हो भन्ने मान्यता अनुरुप विकशित देशहरुले माध्यामिक तहसम्म विभिन्न शैक्षिक सहुलियत सहित अनिवार्य निशुल्क शिक्षा लागु गरिसकेका छन् । उदाहरणको रुपमा वेलायतमाम माध्यामिक शिक्षासम्म दिवा खाजा, निःशुल्क स्वास्थ्य जाँच, दैनिक यातायात खर्च आदि सुविधाको साथमा अनिवार्य शिक्षा लागु गरेको छ । यसै मान्यता अनुरुप नै विकाशोन्मुख देशहरुले आज आफ्नो कमजोर आर्थिक अवस्थाको बाबजुत पनि विद्यालय शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने प्रयत्न गरिरहेका छन् । शिक्षामा कम प्रतिनिधित्व भएका तथा सामाजिक र आर्थिक रुपले पछि परेका वर्ग र समुहका लागि उल्लेख्य मात्रामा छात्रवृत्ति लगायतका सुविधाको व्यवस्था गरिरहेका छन् ।

शिक्षा एक सामाजिक र सेवामूलक कार्य हो । समाजमा विभिन्न कार्यहरु भईरहेका हुन्छन् । यस्ता सामाजिक कार्यहरुमा लगानी गरिएको हुन्छ । समाजमा यस्ता लगानीका कार्यक्रमहरुमा आइपर्ने समस्याहरुलाई आर्थिक समस्या भनिन्छ । सामाजमा जुनसुकै कार्यहरुमा लगानी गर्नुपर्दा पनि लगानी कर्ताले उत्पादनको आशा गरेको हुन्छ । अर्को शब्दमा भन्दा कस्तो उत्पादन हुन्छ, उत्पादनले कति फाइदा दिन्छ त्यसै अनुरुप सामाजिक उद्योगहरुमा लगानी गर्ने परिपाटीको विकाश भएको छ । लगानी र उत्पादन को दृष्टिकोणले हेर्दा शिक्षाको क्षेत्रमा जहिले पनि आर्थिक व्यवस्थापनको समस्या पर्दछ । किनभने जसले जुन उद्योग र व्यवसायमा लगानी गर्दछ त्यसले कति उत्पादन र नाफा हुन्छ भन्ने कुरालाई हेर्दछ । शिक्षा एक मानवीय स्रोत उत्पादनको उद्योग हो तर यस उद्योगले गरेको प्रतिफल तुरुन्त प्राप्त गर्न सकिन्न ।

सामाजिक परिवर्तनमा शिक्षाको ज्यादै ठुलो प्रभाव रहेको हुन्छ । समाजका सम्पूर्ण पक्षहरुमा पार्ने समस्याको प्रमुख कारण आर्थिक नै हो भन्ने सिद्धान्तको प्रतिपादक मार्क्सवादबाट प्रेरित भएको छ । यस सिद्धान्त अनुसार सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनको कारक तत्व आर्थिक पक्ष हो । जसमा आर्थिक उत्पादन र वितरण प्रणालीले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । मार्क्सवादी सिद्धान्तको आधारमा हेर्दा पनि समाजको आर्थिक वितरण प्रणाली शिक्षा क्षेत्रमा न्यायपूर्ण आधारमा नहुदा शिक्षाको आर्थिक समस्या सृजना हुन पुग्दछ । सामाजिक साँस्कृतिक परिवर्तनको

सन्दर्भमा कालमार्क्सले आर्थिक पक्षलाई विशेष जोड दिइएका छन् । (शर्मा एण्ड शर्मा शिक्षाको आधार) ।

यसरी माथीको सिद्धान्तलाई छात्रवृत्तिसँग जोडेर हेर्दा के पाउन सकिन्छ भने नेपालमा छात्रवृत्तिको रकम विद्यार्थीको आर्थिक अवस्था अनुसार नभएको देखिन्छ । एक गाँस खानलाई संघर्ष गर्नुपर्ने समाजमा रु.२००।- वा रु.३००।- छात्रवृत्तिले विद्यार्थीको ध्यानाकर्षण गर्न सकेको पाइदैन त्यसैले सरकारले शिक्षामा लगानी बनाउनु पर्ने देखिन्छ । जसले गर्दा विद्यार्थीको लागि आवश्यकक सम्पूर्ण कुराको ग्यारेन्टी गर्न सकोस् जसलाई तथ्याङ्क विश्लेषणमा प्रयोग गर्न गरिएको छ ।

दलितहरु वास्तवमा जन्मदेखी नै अन्धविश्वास र अन्धकारको जालोमा रुमल्लिरहेका छन् । सामाजिक मूल्य मान्यताहरुले उनीहरुको बीचमा हत्कडीको काम गरिरहेका छन् । यस्तो अवस्थामा उनिहरुले चाहेर वा नचाहेर पनि परम्परागत मुल्यमान्यता अनुरुप चल्नु परिरहेको हुन्छ जुन मूल्य मान्यताहरु इतिहासको कुनै कालखण्डमा उनीहरुले आफ्नो भौतिक अस्तित्व रक्षाका लागी आफ्नो स्वतन्त्रता बेची कसैको अधिनमा रहन स्वीकार गरेबाट सृजना भएका हुन्छन् । शोषितहरु विभाजित र असंस्कृत हुनाले अरुलाई उनिहरु माथी अत्यचार गर्न सहयोग गरिरहेका हुन्छन् । यस्तो अवस्थामा उनीहरु 'आलोचनात्मक अन्वेषण' बाट आफ्ना पिरमर्का तथा अन्याय अत्याचारको बारेमा आवाज उठाउन वा वोल्न थाल्दछन् यो अवस्था **स्वतन्त्रीकरण** तर्फको उनीहरुको प्रयास हो जसलाई फ्रेरेले **विवेकीकरण** भन्दछन् । फ्रेरेको विचारमा यो प्रयास उनिहरुका लागि **प्रशव पीडा** जस्तै कठिन हुन्छ । **स्वतान्त्रीकरण** तर्फको प्रयासको बाबजुत जव ऊ आफ्ना पिरमर्काहरु उजागर गर्दै र आफूमा आएको अन्याय र अत्याचारको बारेमा बोल्दै एउटा बाँच्न योग्य मानिसको रुपमा जन्मन्छ तव ऊ आफ्नो विवेकद्वारा अन्धकारविहीन जीवन जिउन थाल्दछ तर दलितहरु त्यतिबेलासम्म आफू फसेको अन्धकार मुक्त खाडलबाट मुक्ति पाउन सक्दैन । त्यस बेलासम्म उनिहरु त्यहाँ फसेको महसुस गरि **स्वतन्त्रीकरणको** सुचीमा समावेस हुदैनन् । फेरेका अनुसार मानिसहरुले आफू भित्र भएको अन्धविश्वास र मौन संस्कृति हटाउन सबैभन्दा ठूलो शिक्षा हो । जसलाई उनि **विवेकीकरण** भन्दछन् फ्रेरेकै शब्दमा **विवेककीकरणले** व्यक्तिलाई विध्वंशतिर लैजान्छ भन्नेहरुका लागि फ्रेरेको जवाफ छ विवेकीकरणले मानिसलाई विध्वसांत्मक बनाउँदैन बरु स्व समर्थनको खोजमा अग्रसर गराउँछ । समालोचनात्मक चेतनाको जागृतिले समाजका असन्तोषलाई अभिव्यक्त गर्न सक्ने मानिस मात्र बास्तवमा स्वतन्त्र हुन्छ जुन स्वतन्त्रतत्रा उसले सुरक्षा लिने आशामा जन्माएको हुन्छ ।

यो सिद्धान्तलाई छात्रवृत्ति कार्यक्रमसँग गाँसेर हेर्ने हो भने दलित तथा पिछडीएको जातिमा फेरेले भनेझै मौन संस्कृति (किन यति मात्र पायौ भनेर पनि नसोध्ने र किन पाएनौ भनेर पनि

नखोज्ने) छाएको छ । उनीहरुमा छात्रवृत्ति हाम्रो उत्थानको लागि हो भन्ने भावना नहुदा प्राप्त रकमको सही सदुपयोग हुनसकेको छैन । यस सिद्धान्तलाई तथ्याङ्क विश्लेषणका लागि उपयोग गरिएको छ ।

## २.२ अध्ययनहरूको पुनरावलोकन

सेरीड (२०६२) ले दलित छात्रवृत्ति प्रभावकारीता सम्बन्धी अध्ययन गरेको थियो । यस अध्ययनको ध्येय भनेको दलित छात्रवृत्ति सम्बन्धि कार्यक्रमको अध्ययन गर्नु थियो । त्यस कार्यक्रमका उद्धेश्यहरुमा (१) दलित समुदायको आवश्यकताको पहिचान (२) दलित छात्रवृत्ति को प्रभावकारीता हेर्ने (३) भविष्यमा केकस्ता रणनीति ल्याउन आवश्यक हुन्छ भन्ने कुरा पत्ता लगाउनु रहेको थियो भने यो अध्ययन गुणात्मक विधिमा आधारित भई गरिएको थियो ।

यस अध्ययनले दलित छात्रवृत्ति वितरण सम्बन्धमा विभिन्न समस्याहरु पत्ता लगाइएको थियो । जस्तै दलित विद्यार्थीको अनुपातमा उनिहरुलाई छुट्याइएको कोटा निकै कम हुनु गा.वि.स. मा कति दलित छन् भनेर एकिन तथ्याङ्क नहुनु छात्रवृत्ति वितरण गर्दा न्यायपूर्ण तरिकाले वितरण नहुनुजस्ता समस्याहरु औंल्याएको पाइन्छ भने त्यसलाई सुधार गर्न निम्न सुझावहरु दिइएको पाइन्छ, दलित छात्रवृत्ति कोटा थपिनु पर्ने साथै दलितबाट पनि जेहेन्दार तथा गरिबलाई छान्नु पर्ने आदि ।

शिक्षा विभाग (२०६५) ले छात्रवृत्ति कार्यक्रमहरुको प्रभावकारिता माथि अध्ययन गरेको थियो जसमा तीन जिल्लालाई आधार मानी अध्ययन गरिएको थियो जसका ५ वटा उद्देश्यहरु निर्धारण गरिएको थियो ती उद्देश्यहरुमा (क) शिक्षामा बालिका तथा पिछडिएको बालबालिकाहरुको सहभागिता बढाउनका लागि छात्रवृत्ति कार्यक्रमको भूमिका पत्ता लगाउने (ख) छात्रवृत्ति विभाजन कार्यक्रमको सबल र दुर्बल पक्ष पत्ता लगाउने (ग) बालिका तथा पिछडिएका बालबालिकाहरुका लागि छात्रवृत्ति विभाजनको प्रभावकारी पद्धति तयार गर्ने (घ) छात्रा तथा पिछडिएको वर्गको बालबालिकाहरुलाई ज्ञानमूलक क्रियाकलापमा सहभागी गराउन छात्रवृत्ति कार्यक्रमको भूमिका पत्ता लगाउने (ङ) छात्रा तथा पिछडिएको वर्गका बालबालिकाहरुले पाएको छात्रवृत्ति सुविधाको उपयोगीता पहिचान गर्ने आदि ।

यो अध्ययन गुणात्मक विधिबाट गरिएको थियो । यो अध्ययनबाट छात्रवृत्ति वितरणका निम्न प्रकारका समस्याहरु उल्लेख गरेको पाइन्छ । ती समस्याहरुमा बालविवाह, छोरालाई प्राथमिकता, छुवाछुत, मुस्लिम समुदायका बालबालिकाहरुलाई अनिवार्य मदरसाको व्यवस्था, त्यस क्षेत्रका

मानिसका आर्थिक सामाजिक समस्या, छात्रवृत्ति वितरणमा समग्र सिद्धान्तको प्रयोग एउटै प्रकृतिको नहुनु, छात्रवृत्ति रकम न्यून हुनु, छात्रवृत्ति वितरणसँगै चेतना र सहायक कार्यक्रमको कमी तथ्याङ्क व्यवस्थापन प्रक्रियामा समस्या, पारदर्शिताको कमी, छात्रवृत्ति रकमको सही रुपमा सदुपयोग हुन नसक्नु जस्ता समस्याहरु देखाएको पाइन्छ भने त्यसलाई सुधार गर्न निम्न सुझाव दिइएको पाइन्छ । विद्यालय स्वागत कार्यक्रम सँगै आमाबाबुलाई स्वागत नामक कार्यक्रमको पहल, छात्रवृत्ति कार्यक्रमसँगै विद्यालय खाजा, खाने तेल वितरण जस्ता प्रोत्साहन मुलक कार्यक्रम संचालन गर्नु पर्ने, चेलिवेटी कार्यक्रमको पहल, रकम वृद्धि सँगै छात्रवृत्ति दरबन्दीमा पनि वृद्धि गर्नु पर्ने, छरिएर रहेका कार्यक्रमको सट्टा एकिकृत कार्यक्रम संचालन गर्नु पर्ने, छात्रवृत्ति कार्यक्रमसँगै शिक्षा र आय आर्जन हुने योजना एकीकृत गर्ने, गरिब जेहेन्दार र छात्रवृत्ति पाइरहेकाहरुलाई रोजगारी सुनिश्चित गर्ने, विद्यालयमा तल्लो जात र माथिल्लो जात भनी छात्रवृत्ति वितरण गर्न नहुने, कक्षा १ मा छात्रवृत्ति पाएको विद्यार्थीलाई कक्षा १० सम्म छात्रवृत्ति पाउने ग्यारेन्टी गर्नुपर्ने आदि जस्ता सुझाव दिइएको थियो ।

सेरिड (२०६४) ले प्राथमिक तहमा बालबालिकाहरुलाई आकर्षित गर्ने अभियान सम्बन्धि अध्ययन गरेको थियो । यस कार्यक्रमको मुख्य उद्धेश्य भनेको नेपाल सरकारबाट प्रा.वि.मा सञ्चालन गरिएका विभिन्न प्रोत्साहन एवम् छात्रवृत्तिको कार्यक्रमको मूल्याङ्कन गर्नु थियो । जसका उद्देश्यहरुमा (क) छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता हेर्नु (ख) छात्रवृत्तिमा गरिएको लगानी रकमको उपयोगीता हेर्नु रहेको थियो ।

यस अध्ययनले मुख्यतया ४ ओटा छात्रवृत्ति कार्यक्रमको अध्ययन गरेको थियो । (क) प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम (ख) प्राथमिक तहमा छात्रा छात्रवृत्ति कार्यक्रम (ग) प्राथमिक तहमा पोषण कार्यक्रम (घ) दलित छात्रवृत्ति कार्यक्रम । यस अध्ययनका प्रमुख निश्कर्ष निम्न थिए । छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी सँग लागु गर्नका निम्ति त्यहाँको सम्पूर्ण अभिभावकहरुमा के को लागि छात्रवृत्ति प्रयोग गरिने हो भनेर चेतना जगाउन आवश्यक देखिएको थियो भने स्थानिय स्रोत साधनको पनि पूर्णतया परिचालन गर्नुपर्ने देखिन्छ ।

माथि उल्लेखित साहित्य समिक्षाबाट थाहा भईसकेको छ कि प्राथमिक शिक्षामा व्यवस्था गरिएका दलित छात्रवृत्ति, छात्रा छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति कार्यक्रमहरु सान्दर्भिक छन् तर छात्रवृत्तिसँग सम्बन्धित विभिन्न पक्षहरु मध्ये विद्यालयमा के कति ओटा उपलब्ध भए ? छात्रवृत्तिको निम्ति विद्यार्थी छनोट गर्ने आधारहरुले वास्तविक सहयोग आवश्यकता भएका सवै विद्यार्थीहरुलाई यो सुविधाबाट समेट्न सकियो वा सकिएन ? छात्रवृत्ति वितरणमा निर्धारण गरिएका प्रक्रियाहरु

स्थानिय स्तरमा कार्यान्वयन गर्दा के कस्ता बाधा र समस्याहरु देखिएर छात्रवृत्ति प्राप्त गर्ने समुह वा वर्गका विद्यार्थीहरुलाई न्युनतम आर्थिक आवश्यकता पुरा गर्न यस कार्यक्रमले कति मद्दत पुऱ्यायो ? भन्ने कुरालाई यस अध्ययनका लागि माथि उल्लेखित सैद्धान्तिक पक्ष सँग जोडेर व्याख्या गरिएको छ । त्यस्तै छात्रवृत्ति कार्यक्रमले दलित तथा पिछडिएका वर्गका बालबालिकाको अतिरिक्त शिक्षाप्रति सम्बन्धित अभिभावकहरुमा जागरण कार्यक्रमहरु पनि संचालन गरिएका छन् । यसरी छात्रवृत्ति कार्यक्रमको सम्बन्धमा लक्षित समुहका व्यक्तिहरुले आफुलाई बुझेर र हक अधिकार चिन्न सक्ने बन्नका लागि चिन्तन गर्न थालेका छन् कि छैनन् भन्ने कुरालाई विश्लेषण गर्न खोजिएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

प्राथमिक तह शिक्षाको आरम्भ अवस्था हो । यस तहका बालबालिकाहरुलाई कसरी आकर्षित गरी शैक्षिक क्रियाकलापमा संलग्न गर्ने भन्ने कुरा चुनौतीपूर्ण मानिन्छ । शिक्षक, अभिभावक, विद्यार्थीहरुको घनिष्ट सम्बन्धमा मात्र सोचे अनुरुप शैक्षिक उपलब्धी हासिल गर्न सकिन्छ । बालबालिकाहरुको शैक्षिक क्षेत्रमा प्रभाव पार्ने प्रमुख तत्वहरु मध्ये आर्थिक अवस्था पनि एक हो । जसले उनीहरुको पढाई लेखाईमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुने र भईसकेका वालबालिकालाई प्रोत्साहन स्वरुप दिइने छात्रवृत्ति कार्यक्रमलाई उद्देश्य अनुरुप संचालन गर्न सकेमा अवश्य नै विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो हुन्छ जसका लागि अभिभावक, शिक्षक, प्र.अ.,वि.नि. लगाएतका सम्पूर्ण व्यक्तिहरुको सहयोग आवश्यक हुन्छ । प्राथमिक तहमा छात्रवृत्ति वितरण र प्रक्रिया र विद्यार्थीमा पारेको प्रभावलाई निम्न अवधारणात्मक ढाँचामा प्रस्तुत गरि अध्ययन गरिएको थियो :

**चार्ट नं १ : छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा परेको प्रभावको अध्ययनको लागि ढाँचा**

**उद्देश्य**

- भर्ना भएका विद्यार्थीलाई कक्षा नियमित गर्ने ।
- विद्यालय भर्ना नभएका विद्यार्थीलाई विद्यालयमा भर्ना हुन आकर्षित गर्ने
- विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार गर्ने ।

**योजना निर्माण**

- आर्थिक सामाजिक कारणले विद्यालय जान नसकेका बालबालिकाहरुलाई विभिन्न खाले भर्ना हुने कार्यक्रम बनाउने तथा भर्ना भएकाका लागि शैक्षिक उपलब्धि सुधार गर्ने योजना निमार्ण गर्ने ।

**छात्रवृत्ति पाउने विद्याार्थी छनोट प्रक्रियाका आधार**

-विद्यालयको हाजिरी
- विद्यार्थीले परीक्षामा पाएको अङ्क
- विद्यार्थीको कक्षा सहभागिता
-परिवारको आर्थिक अवस्था
-धार्मिक तथा सांसकृतिक पृष्ठभूमि

**छनोट प्रक्रिया**

-छात्रवृत्तिका लागि विद्यार्थीको नाम शिक्षकले छनोट गर्ने
-प्र.अ.ले ती नाम व्यवस्थापन समितिमा पठाउने
-व्यवस्थापन समितिले ती नाम छनोट गर्ने ।

**छात्रवृत्ति वितरण**

- छात्रा छात्रावृति
-जेहेन्दार छात्रवृत्ति
-दलित छात्रवृत्ति
- अपाङ्ग छात्रवृत्ति
-पिछडिएको वर्गका लागि छात्रवृत्ति
-स्थानीय छात्रवत्ति

→

**विद्यार्थीमा पारेको प्रभाव**

**विद्यार्थी भर्नामा**

- विद्यार्थी भर्नादर उच्च हुन
- विद्यार्थी नियमित हुनु

**कक्षा क्रियाकलाप**

- दैनिक गृहकार्य गर्ने
-कक्षामा पठनपाठनमा विद्यार्थी सहभमागिता
- शिक्षक र विद्यार्थीबीच राम्रो सम्बन्ध
-अनुशासन

**उपलब्धि**

- कक्षा नियमितता
-कक्षा बीचमा छाड्ने दर कम हुनु
- प्राथमिक तहमा उत्तीर्ण विद्यार्थी संख्या बढ्नु
- विद्यार्थीको शैक्षिक अवस्थामा सुधार
-विद्यालयका, विभिन्न कार्यक्रममा विद्यार्थी सहभागिता बढ्नु

पृष्ठपोषण

माथिको अवधारणात्मक ढाँचामा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभावलाई देखाउन खोजिएको छ । जस अन्तर्गत छात्रवृत्तिको उद्देश्यका आधारमा योजना बनाई र त्यस योजना अन्तर्गत रहेर विभिन्न प्रक्रियाद्वारा छात्रवृत्तिका लागि विद्यार्थी छनोट गरिन्छ र ती छनोट गरिएका विद्यार्थीलाई जुन छात्रावृत्ति कार्यक्रमका लागि छनोट गरिएको हो त्यही छात्रवृत्ति प्रदान गरिन्छ । त्यसरी छात्रवृत्ति पाइसकेपछि विद्यार्थीको भर्नादर, कक्षा क्रियाकलापमा कस्तो सहभागिता छ र समग्रमा विद्यार्थीको उपलब्धि हेरिन्छ र त्यसका आधारमा उद्देश्य पूरा भयो वा भएन भनी तुलना गरिन्छ ।

# अध्याय तीन

## अध्ययन विधि

अध्ययन विधि भनेको कुनै पनि अनुसन्धानलाई पूरा गर्नका लागि अपनाइने विधि नै अध्ययन विधि हो । यस प्रतिवेदन अन्तर्गत प्राथमिक तहमा छात्रवृत्ति वितरण र यसको प्रभाव गुणात्मक तथा परिमाणात्मक अध्ययन विधिमा आधारित रहेको छ । संरचित तथा असंरचित अन्तर्वार्ता, खुला प्रश्नावली, अवलोकन तथा दस्तावेज अध्ययनमा आधारित भई सूचना सङ्कलन गरिएको थियो ।

### ३.१ अध्ययनको ढाँचा

अध्ययन अनुसन्धान एक महत्वपूर्ण एवम् जटिल कार्य हो । जसले कुनै पनि विषयवस्तु वा समस्याको बारेमा उचित जानकारी र निष्कर्ष दिन सकोस् यस अध्ययनमा अनुसन्धान कर्ता एवम् विद्यालयमा उपस्थित भई गुणात्मक तथा परिमाणात्मक विधिको प्रयोग गरी सूचना विद्यार्थी, अभिभावक, शिक्षक, प्र.अ. र वि.नि.सँग सङ्कलन गरिएको थियो ।

| क.सं | उद्देश्यहरु | सूचनास्रोत | साधनहरु |
|---|---|---|---|
| १ | प्राथमिक तहमा छात्रवृत्ति वितरण को उद्देश्य, योजना र प्रक्रियाबीचको सम्बन्ध पत्ता लगाउनु । | शिक्षक, प्र.अ., वि.नि. | खुला प्रश्नावली |
| २ | प्राथमिक तहमा छात्रवृत्ति वितरणका प्रभावहरुको लेखाजोखा गर्नु । | शिक्षक, विद्यार्थी, अभिभावक, | प्रश्नावली, अवलोकन फाराम, अन्तर्वार्ता सूची |
| ३ | छात्रवृत्ति वितरण कार्यक्रमको सबल र दुर्बल पक्षहरु पत्ता लगाउनु । | वि.नि., प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावक | प्रश्नावली, अवलोकन फाराम, अन्तर्वार्ता सूची |

### ३.२ अध्ययनको जनसंख्या छनोट

यस अध्ययनमा नेपालभरिका प्राथमिक विद्यालयहरु, यी विद्यालयसँग सम्बन्धित वि.नि., प्र.अ. शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको थियो ।

### ३.३ नमुना छनोट

जुन सुकै अध्ययन गर्नु अघि निश्चित अध्ययनसँग सम्बन्धित निश्चित क्षेत्रहरुको छनोट र त्यससँग सम्बन्धित जनसंख्या र क्षेत्रलाई समष्टिगत रुपमा छनोट गर्दा कठिनाइ सिर्जना हुने भएकाले अध्ययनलाई प्रभावकारी, विश्वसनीय र बैध बनाउनका लागि निम्न आधारमा नमुना छनोट गरिएको थियो । यस नमुनालाई नै आधार मानी सूचना सङ्कलन गरिएको थियो ।

#### ३.३.१ अध्ययन क्षेत्रको छनोट

उद्देश्यमूलक विधिद्वारा सर्लाही जिल्ला जब्दी गा.वि.स. र लालबन्दी गा.वि.स. अन्तर्गत पर्ने ४ ओटा प्राथमिक विद्यालय छनोट गरिको थियो । किनकि यी विद्यालयहरु ग्रामीण भेगमा रहेका र आफ्नो अध्ययनको उद्देश्य पूरा गर्ने र त्यस क्षेत्रमा छात्रवृत्ति सम्बन्धी विभिन्न खाले जनगुनासो रहेको कारणले गर्दा त्यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको थियो । ती अध्ययन क्षेत्रमा छनोटमा परेका विद्यालयको नाम अनुसूची १ मा दिइएको छ ।

#### ३.३.२ विद्यार्थी छनोट

यस अध्ययनका लागि दुवै विद्यालयबाट छात्रवृत्ति पाउने विद्यार्थीहरुमध्ये प्रत्येक कक्षाबाट १ जना पर्ने गरी एउटा विद्यालयबाट ५ जनाका दरले जम्मा २० जना विद्यार्थी समान सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरिएको थियो । छनोटमा परेका विद्यार्थी नामावली अनुसूची २ मा दिइएको छ ।

#### ३.३.३ अभिभावक छनोट

अध्ययनका लागि छनोट भएका २० जना विद्यार्थीहरुका अभिभावकहरुलाई स्वतः छनोट गरिएको थियो । छनोटमा परेका विद्यार्थी नामावली अनुसूची ३ मा दिइएको छ ।

#### ३.३.४ शिक्षक छनोट

प्रत्येक विद्यालयबाट २ जनाको दरले पर्ने गरी जम्मा ८ जना शिक्षकलाई समान सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरिएको थियो । यस अध्ययनमा छनोटमा भएका शिक्षकको नामावली अनुसूची ४ मा दिइएको छ ।

### ३.३.५ प्र.अ. को छनोट

अध्ययनका लागि छनोट भएका विद्यालयका प्र.अ.लाई स्वतः छनोट गरिएको थियो । छनोटमा परेका प्र.अ. हरुको नामावली अनुसूची ५ मा दिइएको छ ।

### ३.३.६ वि.नि.को छनोट

दुवै विद्यालयमा हेर्ने वि.नि. लाई स्वतः छनोट गरिएको थियो । छनोटमा परेका वि.नि. को नाम अनुसूची ६ मा दिइएको छ ।

## ३.४ सूचना सङ्कलनका साधनहरुको निर्माण

अध्ययनको उद्देश्य बमोजिम सूचना तथा जानकारी सकेसम्म प्राथमिक सूचनाहरु सङ्कलन गरिएको थियो । त्यसरी सूचना सङ्कलन गर्नका लागि निम्न सूचना सङ्कलनका साधनहरुको प्रयोग गरिएको थियो ।

### ३.४.१ अन्तर्वार्ता सूची

परिमाणात्मक एवम् गुणात्मक विधिमा केन्द्रित रही त्यसैको आधारमा अन्तर्वार्ता सूची तयार गरिएको थियो । नमुना छनोटमा परेका विद्यार्थी तथा अभिभावकलाई संरचित तथा असंरचित अन्तर्वार्ता सूचीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । किनकि सबै अभिभावक साक्षर नहुने तथा सबै विद्यार्थीले प्रश्नावली भर्न नसक्ने भएको कारणले गर्दा यो साधन प्रयोग गरिएको थियो । विद्यार्थी र अभिभावकसँग सोधिएको अन्तर्वार्ता सूची क्रमशः अनुसूची ७ र ८ मा दिइएको छ ।

### ३.४.२ दस्तावेज अध्ययन

उद्देश्यसँग सम्बन्धित रहेर छात्रवृत्ति वितरण प्रक्रिया र त्यसबाट विद्यार्थीले पाएको उपलब्धि सम्बन्धी कुरामा सम्बन्धित रहेर विद्यालयको अभिलेखबाट सूचना सङ्कलन गरिएको थियो । दस्तावेज अध्ययनबाट विद्यार्थीको उपस्थिति, विद्यालय नियमितता, अनियमितता, परीक्षामा पाएको अङ्क, छात्रवृत्ति रकम, जस्ता कुराहरुको सूचना सङ्कलन गरिएको थियो ।

### ३.४.३ अवलोकन फाराम

विद्यार्थीको व्यवहार र तिनीहरुले कक्षामा गर्ने विभिन्न खालका शैक्षिक क्रियाकलापको अवलोकन फारमभरि सूचना सङ्कलन गरिएको थियो । विद्यार्थी नियमितता, विद्यार्थीको अनुशासन,

सरसफाई , सहपाठीको सम्बन्ध, गृहकार्य , पाठ्यपुस्तक, पोशाक, कापी, कलमको स्थिति तथा शिक्षक र विद्यार्थी बीचको सम्बन्ध जस्ता कुराहरुको सूचना सङ्कलन गरिएको थियो । जुन फारमको नमुना अनुसूची ९ मा दिइएको छ ।

### ३.४.४ प्रश्नावली

छनोटमा परेका शिक्षक, प्र.अ., तथा वि.नि.सँग खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरी सूचना सङ्कलन गरिएको थियो । शिक्षक, प्र.अ.तथा वि.नि.ले प्रश्नावली भर्न सक्ने तथा उनीहरुको कार्यव्यस्ततालाई मध्यनजर गर्दै यो साधन प्रयोग गरिएको थियो । शिक्षक, प्र.अ.र वि.नि.लाई सोधिएको प्रश्नावलीको नमुना क्रमशः १०, ११ र १२ मा दिइएको छ ।

## ३.५ साधनको वैधता

यस अध्ययनको सूचना सङ्कलनको लागि साधनहरुको निर्माण गर्न र प्रयोगमा ल्याउनु अघि सहपाठी साथीहरुसँग छलफल गरी आवश्यक सुधार गरिएको थियो र तयार गरिएको साधन शोध निर्देशकज्यूको सल्लाह अनुसार आवश्यक सुधार र परिमार्जन गरी अन्तिम रुप दिइएको थियो ।

## ३.६ सूचना सङ्कलन प्रक्रिया

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि सूचनाहरु सङ्कलन गर्नका लागि शोध निर्देशकज्यूको प्रत्यक्ष निर्देशन र सल्लाहको आधारमा साधनहरुको निर्माण गरिएको थियो र अध्ययन स्थलमा प्रत्यक्ष गएर प्राथमिक एवम् द्वितीय सूचनाको स्रोतका आधारमा सूचना सङ्कलन गरिएको थियो ।

## ३.७ सूचनाको विश्लेषण

यस अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण सूचनाहरु सङ्कलन गरी सङ्कलित सूचनालाई विभिन्न समूहमा अलग अलग तालिकीकरण गरी प्रतिशतको आधारमा रुपान्तरित गरी वर्णनात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको थियो । अन्त्यमा विभिन्न समूहबाट आएको परिणामको आधारमा सांराश निष्कर्ष तथा सुझावहरु दिइएको छ ।

# परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

यस परिच्छेदमा सर्लाही जिल्लाको ४ वटा प्राथमिक विद्यालयमा छात्रवृत्ति वितरण प्रक्रिया र त्यसले विद्यार्थीमा पारेको प्रभावको अध्ययन गर्ने उद्देश्यले विद्यालयमा छात्रवृत्ति वितरणका उद्देश्यहरु योजनाहरु, छात्रवृत्ति वितरण प्रक्रिया, छात्रवृत्तिले विद्यार्थीमा पारेको प्रभाव तथा छात्रवृत्तिलाई कसरी प्रभावकारी बनाउने जस्ता सूचनाहरुलाई समावेश गरी सङ्कलित तथ्याङ्कहरुलाई निम्न अनुसार विश्लेषण एवम् व्याख्या गरिएको छ ।

### ४.१ छात्रवृत्ति वितरणको उद्देश्य, योजना र प्रक्रियाहरु बीचको सम्बन्ध

छात्रवृत्ति वितरणका उद्देश्य, योजना प्रक्रियाबीचमा सम्बन्ध राम्रो हुन सकेमा छात्रवृत्तिको प्रभावकारीता बढ्ने कुरामा कुनै दुई मत देखिदैन । अध्ययनका विद्यालयहरुमा छात्रवृत्ति वितरणका उद्देश्य, योजना र प्रक्रिया विचको सम्बन्धलाई निम्न सुचनाका आधारमा व्याख्या विश्लेषण गर्न सकिन्छ ।

#### ४.१.१ छात्रवृत्ति वितरणका उद्देश्य

सबै बालबालिकाहरुलाई शिक्षाको उज्यालो प्रकाशबाट वञ्चित नगराउने उद्देश्यले नेपाल सरकारले छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । छात्रवृत्ति कार्यक्रमलाई सफल बनाउन नेपाल सरकारका मातहतका निकायहरु शिक्षामन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय तथा विद्यालयहरुले कार्यान्वयन गर्दै आएको पाइन्छ तर पनि नेपाल सरकारको छात्रवृत्ति सम्बन्धी उद्देश्य र कार्यान्वयन गर्ने व्यक्तिहरु वि.नि., प्र.अ., शिक्षकहरुको छात्रवृत्ति सम्बन्धी उद्देश्य निम्नानुसार देखिएको थियो :

क) सवै बालबालिका लाई विद्यालयमा भर्ना गर्नु ।

ख) गरिब तथा पिछडिएको बालबालिकाका लागि विद्यालय सम्मको पहुँच पुऱ्याउनु ।

ग) भर्ना भएका बालबालिकालाई अध्ययनमा प्रोत्साहन गर्नु ।

घ) विद्यालयमा विद्यार्थी उपस्थिति नियमित बनाउनु ।

ङ) छात्रा, दलित, आदिबासी बालबालिकाहरुलाई बढी भन्दा बढी विद्यालय शिक्षामा पहुँच पुऱ्याउनु आदि ।

यी उद्देश्यका आधारमा नेपाल सरकारले छात्रवृत्ति वितरण गर्नुको मुख्य उद्देश्य विद्यालयको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गर्न विद्यालयमा, टिकाइ राख्ने तथा विद्यार्थीहरुलाई प्रोत्साहन प्रदान गर्नु रहेको देखिन्छ । चारओटै प्राथमिक विद्यालयहरुको वि.नि, प्र.अ., शिक्षकको विचारमा छात्रवृत्ति वितरणका उद्देश्य एउटै रहेको पाइयो । जसमा :

क) गरिव तथा पिछडिएको बालबालिकाहरुलाई विद्यालयमा पहुँच पुऱ्याउनु ।

ख) विद्यार्थी भर्ना दर उच्च बनाउनु ।

ग) भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा नियमित आउने वातावरण सिर्जना गर्नु ।

घ) भर्ना भएका बालबालिकालाई अध्ययनमा प्रोत्साहन गर्नु ।

माथिका दुवै उद्देश्यहरुलाई केलाउँदा उद्देश्यहरु एकै खालको पाउन सकिन्छ । तर पनि उद्देश्य अनुसार यस अध्ययनका विद्यालयहरुमा कार्य नभएको पाइयो । तर पनि वि.नि, प्र.अ. र शिक्षकका विचारमा शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न सरकारी स्रोत, साधन र नीति अनुसार नै छात्रवृत्तिका कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । समग्रमा छात्रवृत्तिको उद्देश्यलाई केही हदसम्म ती विद्यालयहरुले पुरा गर्ने गरी छात्रवृत्ति वितरण गरेको पाइयो ।

### ४.१.२ छात्रवृत्ति वितरण योजना

वि.नि., शिक्षक र प्र.अ.का विचारमा योजना अपर्याप्त देखियो । कार्यक्रमको दायरा आवश्यक जनसङ्ख्याको तुलनामा कम देखियो र लक्षित समूहका सवै बालबालिकाहरुलाई छात्रवृत्तिको रकम नगन्य छ । यसले अति आवश्यक पाठ्यपुस्तक, झोला, कलम, कापि जस्ता शिक्षाको न्युनतम लागतलाई समेत समेट्न सकेको छैन । दरबन्दी निर्धारण र बजेट विनियोजन बीच तालमेल देखिदैन त्यस्तै विश्वसनीय तथ्यांक व्यवस्थापन प्रणालीको विकास गरिएको छैन र प्रयोगमा ल्याइएको छैन । सल्लाह चेतना तथा सामाजिक गतिशिलता कार्यक्रम अझै योजनामा परेका छैनन् । मूल्यांकन प्रणालीको विकास गरी स्थापित गर्ने कार्य अझै भएको छैन । छात्रवृत्ति योजना र वितरणमा सरकारी कार्यालय र गैर सरकारी कार्यालयबीच कुनै सम्बन्ध नभएको बताए ।

चार ओटै विद्यालयका शिक्षक, अभिभावक प्र .अ. र विद्यालय निरिक्षकले छात्रवृत्ति वितरणको योजना प्रभावकारी नभएको स्वीकारेको पाइन्छ । उनीहरुले कार्यक्रमको दायरा आवश्यक जनसंख्याको तुलनामा कम भएको लक्षित समूहका सबै बालबालिकाहरु लाई छात्रवृत्ति रकम नगन्य भएको कारणले गर्दा अति आवश्यक शैक्षिक सामग्रीहरु समेत किन्न छात्रवृत्ति रकम अपर्याप्त

भएको, त्यस्तै दरबन्दी निर्धारण र बजेट विनियोजनबीच तालमेल नदेखिएको स्थलगत अध्ययनद्वारा पहिचान गरिएका मुख्य समस्या नेपाल सरकार द्वारा घोषणा गरिएका दलित, ५० प्रतिशत छात्रा छात्रवृत्ति छात्रवृत्तिका रुपमा विद्यार्थीले पाउने रु ३५०।- विद्यालयमा समयमा उपलब्ध नहुनु, छात्रवृत्ति योजनाले कक्षा १ मा छात्रवृत्ति प्राप्त विद्यार्थीले माथिल्ला कक्षाहरुमा पनि सो पाउने सुनिश्चित नगरिएको, विश्वसनीय तथ्याङ्क व्यवस्थापन प्रणाली विकास र प्रयोग विद्यालय र मन्त्रालयले नगरेको कुरा वि.नि. तथा अभिभावकले बताएको पाइन्छ त्यस्तै छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी योजनामा संचालन गर्न चेतना र सामाजिक गतिशिलताको कार्यक्रम अझै योजनामा नपरेको कुरा ती विद्यालयहरुका प्र.अ.ले बताए । त्यस्तै मुल्याङ्कन प्रणालीको विकास नहुनु छात्रवृत्ति योजना र वितरणमा सरकारी कार्यालय र गैर सरकारी कार्यालय बीच समन्वयन नभएको कुरा त्यस विद्यालयहरुका प्र.अ., शिक्षक, अभिभावकहरुको धारणा रहेको पाइयो ।

प्र.अ., शिक्षक, अभिभावक तथा वि.नि.का समग्र विचारलाई केलाउदा छात्रवृत्ति वितरणको योजना सरकारले लागु गरेको जस्तो देखिदैन । छात्रवृत्ति वितरण योजनालाई एउटा योजनाबद्ध रुपमा र यसका उद्देश्यहरुलाई पुरा गर्ने खालका त्यससँग सम्बन्धित कुनै कार्यक्रम खासै लागु नभएको पाइयो । खाली हचुवाको भरमा विद्यालयले छात्रवृत्ति विरतरण गरेको जस्तो देखिन्छ । विद्यार्थीहरुको अभिभावकलाई छात्रवृत्ति छनोट प्रक्रियामा सहभागी नगराई प्र.अ. र शिक्षकहरुको मनोमानी ढंगबाट छात्रवृत्ति छनोट गरेको देखिन्छ । त्यसैले पनि होला छात्रवृत्तिले सोचे अनुरुप सफलता प्राप्त गर्न नसकेको होला । जस्तैः हालसम्म पनि त्यस विद्यालयहरुमा सवै बालबालिका विद्यालय भर्ना नभएकोले पुष्टि हुन्छ ।

### ४.१.३ छात्रवृत्ति वितरणको प्रक्रिया

वि.नि. र प्र .अ. का अनुसार हरेक वर्ष शैक्षिक सत्र सुरु भएपछि जेष्ठ ४ गते भित्र विद्यालयहरुले आफ्नै विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याबाट दलित, अपाङ्ग, सम्पूर्ण छात्रा तथा जनजाति छात्र छात्राको विवरण स्पष्ट रुपमा संख्यामा उल्लेख गरी जिल्ला शिक्षा कार्यालयमा पठाउँछन् । जिल्ला शिक्षा कार्यालयले विद्यालयबाट प्राप्त विद्यार्थी संख्या विवरण शिक्षा विभागलाई पढाउने गर्दछन् । शिक्षा विभागले प्राप्त विद्यार्थी भर्ना अभिलेखको आधारमा कोटा निर्धारण कोटा निर्धारण गर्ने मुख्य आधार विद्यार्थी भर्ना संख्या नै हुने गर्दछ । जिल्ला शिक्षा कार्यालयमा प्राप्त कोटाहरु विद्यालयहरुमा बाँडफाँड गर्नका लागि जिल्लामा जिल्ला स्तरीय छात्रवृत्ति व्यवस्थापन समिति रहेको हुन्छ । उक्त समितिमा जिल्ला शिक्षा अधिकारी संयोजक, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सदस्य, जिल्ला विकास समितिका महिला सदस्यहरु मध्येबाट जि.वि.स.ले मनोनित १ जना

सदस्य, जिल्ला स्थित दलित संघबाट जिल्ला विकास समितिले मनोनित १ जना सदस्य, जिल्ला स्थित अपाङ्ग संघबाट जिल्ला विकास समितिद्वारा मनोनित १ जना सदस्य, जिल्ला विकास समितिको कार्यालय योजना अधिकृत सदस्य तथा जिल्ला शिक्षा अधिकारीबाट तोकिएको जिल्ला शिक्षा कार्यालयको अधिकृत सदस्य सचिव रहन्छन्, जसले छात्रवृत्तिका लागि कोटा निर्धारण गरि विद्यालयहरुलाई वितरण गर्दछन् ।

विद्यालयहरुलाई कोटा निर्धारण गर्दा जिल्ला शिक्षा कार्यालयले केही निश्चित आधारहरु अलवम्बन गर्दछ जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) जिल्लाको दुर्गम तथा विकट भेगका विद्यालयहरु लाई छात्रवृत्तिमा प्राथमिकता दिनु पर्ने ।

ख) जिल्लाका छात्रवृत्तिको कोटा प्राप्त हुनासाथ सम्बन्धित वि.नि. हरुले आ आफ्नो क्षेत्रको विद्यालयहरुलाई कोटा, संख्या, विद्यालयको नाम कार्यालयमा पेश गर्ने ।

ग) छात्रवृत्ति वितरण समितिका सदस्य सचिवले विद्यालय निरिक्षकहरुबाट प्राप्त विवरणलाई समितिको बैठकमा पेश गर्ने, समितिले जिल्ला लाई प्राप्त कोटाको आधारमा विद्यालयहरुलाई के कति संख्यामा छात्रवृत्ति दिने हो निर्धारण गर्नु पर्दछ ।


घ) जेष्ठको पहिलो हप्तासम्ममा कमिटिले विद्यालयगत कोटा निर्धारण गरिसक्नु पर्नेछ ।

ङ) छात्रवृत्ति कोटा तोकिसकेपछि सदस्य सचिवले शिक्षा विभाग र मन्त्रालयलाई तथा विद्यालयहरुलाई जानकारी गराउने ।

च) विद्यालयहरुलाई जेष्ठ, भाद्र र फाल्गुनमा गरि ३ किस्तामा छात्रवृत्ति रकम उपलब्ध गराउनु पर्दछ ।

यस अध्ययनबाट छात्रवृत्ति वितरण गर्ने विभिन्न तरिकाहरुको पहिचान गरिएको थियो । ती निम्न थिए :

**१. नमुना एक : प्रधानाध्यापक निर्देशित नमुना**



**२. नमुना दुई : शिक्षक निर्देशित नमुना**

कक्षा शिक्षकले नामहरु छनोट गर्दछन् । → कर्मचारी बैठकमा नामहरु बुझाउने कार्य गर्दछन् । → प्रधानाध्यापकले ती नामहरु विद्यालय व्यवस्थापन समिति लाई बुझाउँछन्। → विद्यालय व्यवस्थापन समितिद्वारा निर्णय लिने कार्य गर्छन्।

**३. नमुना तीन : मिश्रित नमुना**

**क. दामासही नमुना**

योजना अनुरुप छात्रवृत्ति रकम गणना गर्ने । → प्रत्येक योजना अन्तर्गत पर्ने विद्यार्थीहरुको सङ्ख्या गणना गर्ने । → विद्यार्थीको सङ्ख्यालाई छात्रवृत्ति रकमले भाग गरी विद्यार्थीहरुमा बराबर बाँड्ने ।

**ख. भाग लाउने नमुना**

जम्मा विद्यार्थीलाई २ ले भाग गर्ने र छात्रवृत्ति प्रदान गरिनुपर्ने विद्यार्थी संख्या निर्धारण गर्ने । गणना गर्ने । → ५०% विद्यार्थीलाई पहिलो वर्षमा र बाँकी विद्यार्थीहरुलाई दोस्रो वर्षमा वितरण गर्ने

**ग. प्राथमिकीकरण गरिएको नमुना**

कक्षा ४ र ५ का विद्यार्थीहरुलाई पहिला छात्रवृत्ति वितरण गर्ने । → छात्रवृत्ति दरबन्दी र रकम बाँकी भएमा कक्षा १-३ सम्मका विद्यार्थीहरुलाई वितरण गर्ने ।

प्र.अ. र शिक्षकको भनाइमा माथिका तीनवटै नमुना मध्ये श्री प्रा.वि. सिस्वाले कक्षा शिक्षक निर्देशिक नमुनाको आधारमा छात्रवृत्ति वितरण गरेको पाइयो भने श्री प्रा.वि. लालबन्दी -३ र प्रा.वि. लालबन्दी-५ मा पर्ने शिक्षक निर्देशक नमुनाको आधारमा छात्रवृत्ति वितरण गरेको पाइयो । त्यस्तै श्री प्रा.वि. रञ्जितपुरमा भने प्र.अ. निर्देशिक नमुनाको प्रयोग गरी छात्रवृत्ति वितरण गरेको देखिन्छ । समग्रमा प्र.अ. र शिक्षकको भनाइमा निश्चित नमुनाको प्रयोग यस अध्ययनको चारवटै विद्यालयहरुमा प्रयोग नभएको पाइयो ।

नेपाल सरकारले माथिका नमुनामा आधारित भई छात्रवृत्ति वितरण गर्दा सामान्यतया ३ किस्तामा जेष्ठ, भाद्र र फाल्गुन महिनामा छात्रवृत्ति वितरण गर्ने आधारमा निकासा गरे पनि यस

अध्ययन क्षेत्रका विद्यालयहरु मा ३ ओटा विद्यालयहरु श्री प्राथमिक विद्यालय सिस्वा, श्री प्रा .वि रन्जितपुर र श्री प्रा.वि. लालबन्दी ५ का विद्यालयहरुले एकमुष्ट दलित र ५० प्रतिशत छात्रा छात्रवृत्ति रु.३५०।- र आदिवासी जनजाति तथा पिछडिएका वर्गका लागि र जेहेन्दार विद्यार्थीका लागि रु.३५०।- रु.२००।- उपलब्ध गराएको पाइयो भने श्री प्रा.वि. लालबन्दी ३ को विद्यालय ले २ किस्तामा भाद्र र फाल्गुनमा गराए रकम उपलब्ध गराएको पाइयो जुन छात्रवृत्तिमा निम्न अनुसारका उपलब्ध गराएको पाइयोः

### ४.१.४ अध्ययन क्षेत्रमा वितरण गरिएको छात्रवृत्तिका रुपहरु

नेपाल सरकारले प्राथमिक विद्यालयहरुमा विभिन्न खालका छात्रवृत्तिका रुपहरु लागू गरेको छ । त्यसमा दलित छात्रवृत्ति, ५० प्रतिशत छात्रा छात्रवृत्ति, आदिवासी पिछडिएको वर्गका लागि छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, तथा विभिन्न खालका प्रोत्साहनमूलक कार्यक्रमहरु जस्तै खाने तेल वितरण, कपडा वितरण, पौष्टिक आहार वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ ।

यस अध्ययन क्षेत्रमा विभिन्न खालका छात्रवृत्तिका रुपहरु लागू भएको देखिन्छ । ती रुपहरुमा दलित छात्रवृत्ति, ५० प्रतिशत छात्रा छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति, आदिवासी जनजाति तथा पिछडिएको वर्गका लागि छात्रवृत्ति रहेको थिए जसका बारेमा तल क्रमशः दिइएको छ :

**दलित छात्रवृत्ति वितरण**

नेपाल सरकारले सबै दलित बालबालिकाहरुलाई रु. ३५०।- का दरले छात्रवृत्ति दिने निति लिएको देखिन्छ । जसका लागि प्रत्येक विद्यालयबाट दलित विद्यार्थी संख्या निर्धारण गरी त्यसैका आधारमा सबै दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने नीति लिएको पाइन्छ ।

वि.नि, प्र.अ., शिक्षक एवं अभिभावक अनुसार कक्षा (१-५) सम्म अध्ययनरत प्राथमिक शिक्षा उमेर समूहका सवै दलित छात्रछात्राहरुलाई २०६७ सालमा प्रति विद्यार्थी रु ३५०।- एकमुष्ट प्रदान गरियो भने एउटा विद्यालय श्री प्रा .वि लालबन्दी ३ मा भने भाद्र महिनामा १५०।- र फाल्गुन महिनामा रु २००।- छात्रवृत्ति वितरण गरेको पाइयो । जसका लागि प्र.अ. र शिक्षक को प्रत्यक्ष संलग्नतामा लोहार, सुनवार, कामी, दमाई, सार्की बादी, गाइने, धोवी, पासवान, तक्मा, डोम, वातर, खत्वे, मुसहर, सन्थाल, सतार, हलखोर आदि जातिबाट विद्यार्थी छनोट गरिएको पाइयो । नेपाल सकारको दलित छात्रवृत्ति वितरण कार्यक्रमको नीति र त्यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुले

सबै दलित बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरेको बाट के स्पष्ट पार्न सकिन्छ भने सरकारी कार्यक्रम अनुसार ती विद्यालयहरुले कार्य गरेको देखिन्छ ।

**पचास प्रतिशत छात्रा छात्रवृत्ति :**

नेपाल सरकारले विद्यालयमा छात्रा सहभागिता बढाउने शिक्षामा पहुँच सुनिश्चिता गर्न विद्यालय तहमा भर्ना भएका ५० प्रतिशत बालबालिकालाई छात्रवृत्ति वितरण गर्ने नीति लिएको पाइन्छ । जसमा प्रत्येक विद्यार्थीका लागि रु. ३५०।-का दरले छात्रवृत्ति प्रदान गर्ने नीति सरकारको रहेको छ । विद्यालयमा छात्र सहभागिता वृद्धि हुने अवस्थाको सृजना गरेको छ ।

वि.नि., प्र.अ. तथा शिक्षकका अनुसार प्राथमिक विद्यालयका कक्षा (१-५)सम्म अध्ययनरत प्रत्येक जिल्लाका विद्यालयमा भर्ना भएका छात्राहरु मध्ये दलित तथा अन्य स्रोतबाट प्राप्त भएको छात्रवृत्तिबाट नसमेटिएका आर्थिक विपन्न तथा सामाजिक रुपले पिछडिएको बालबालिकाहरु पहिचान गरी छात्रवृत्ति प्रदान गरिन्छ । यस अध्ययनका विद्यालयहरुमा सिस्वा वाट ३ जना लालबन्दी- ५ बाट १ जना, लालबन्दी ३ बाट ३ जना र रन्जितपुरबाट १ जना विद्यार्थी नमुना छनोटका रुपमा छात्रा परेका देखिन्छन् ।

ती छात्राहरुलाई लालबन्दी ३ को प्रा.वि.ले १ वर्षमा २ पटक छात्रा छात्रवृत्ति वितरण गरेको देखिन्छ जसमा भाद्रमा रु.२००।- र फाल्गुनमा रु.१५०।- का दरले वितरण गरेको देखिन्छ । अरु ३ ओटै प्राथमिक विद्यालयहरुमा एकमुष्ट फाल्गुन महिनामा रु.३५०।- का दरले वितरण गरेको देखिन्छ । प्र.अ. र वि.नि. का अनुसार छात्रा छात्रवृत्ति छनोट गर्दा निम्न अनुसार गरिँदो रहेछ :

क) छात्राको उमेर ५ वर्ष पुगेको र १० वर्ष ननाघेको हुनुपर्ने ।

ख) छात्राहरु १ –५ कक्षामा अध्ययन गरेको हुनुपर्छ ।

ग) अन्य कुनै पनि प्रकारको छात्रवृत्ति प्राप्त नगरेको छात्रा हुनुपर्ने ।

घ) कक्षामा कमजोर देखि उत्कृष्ट सम्म विद्यार्थी पर्ने गरि छात्रा छनोट गर्नुपर्ने आदि ।

नेपाल सरकारको छात्रावृत्ति सम्बन्धी लिएको नीति र ती विद्यालयमा ५० प्रतिशत छात्रवृत्ति प्रदान गरेको वि.नि., प्र.अ. र शिक्षकका भनाइमा समरुपता देखिन्छ ।

**जेहेन्दार छात्रवृत्ति वितरण**

नेपाल सरकारले अध्ययनमा राम्रो अङ्क ल्याई पास गर्ने छात्र छात्राको लागि वार्षिक रु.२००।- का दरले छात्रावृत्ति वितरण गर्ने नीति लिएको छ । वि.नि., शिक्षक र प्र.अ.का अनुसार

गरिब तथा जेहेन्दार छात्रवृत्ति वितरण गर्दा छनोटमा परेका प्रत्येक कक्षाबाट १ जनाको दरले विद्यालयको वार्षिक उत्सवको अवसर पारेर रु.२००।- अभिभावकको प्रत्यक्ष उपस्थितिमा विद्यार्थीलाई वितरण गरिएको पाइयो । यो छात्रवृत्ति ४ वटै विद्यालयहरुले एकमुष्ट वितरण गरेको पाइयो । यो छात्रवृत्ति छनौट गर्ने आधारमा कक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई छनौट गरिदो रहेछ । यदि सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीले अन्य छात्रवृत्ति प्राप्त गरिसकेको भए दोस्रो उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई छनोट गरिँदो रहेछ । यसबाट के देखिन्छ भने ४ ओटै विद्यालयले छात्रवृत्ति रकम धेरै विद्यार्थीले प्राप्त गरुन् भन्ने मनसाय राखेको देखिन्छ ।

वि.नि., प्र.अ. र शिक्षकका विचारका आधारमा के भन्न सकिन्छ भने नेपाल सरकारको छात्रवृत्ति सम्बन्धी नीति अनुसार जेहेन्दार छात्रावृत्ति वितरण गरेको देखिन्छ । किन कि अध्ययन क्षेत्रका विद्यालयमा विद्यालयको वार्षिक उत्सवको अवसर पारेर उक्त छात्रवृति वितरण गरेको पाइयो ।

**आदिबासी जनजाति तथा पिछडिएको वर्गका लागि छात्रवृत्ति**

नेपाल सरकारले नेपालका ५९ जातजातिलाई आदिबासी जनजातिमा सुचिकृत गरेको छ । ती जातिहरुका बालबालिकाहरु मध्येबाट निश्चित संख्यामा कोटा निर्धारण गरी छात्रवृत्ति वितरण गर्ने तथा दुर्गम तथा पिछडिएको वर्गका बालबालिकाहरु सबैलाई क्रमशः रु.२०० र रु.५०० का दरले छात्रवृत्ति वितरण गर्ने नीति लिएको पाइन्छ । अति गरिब अल्पसंख्यक तथा विद्यालय जान नसक्ने छात्र छात्रा लाई लक्षित गरि वार्षिक रु २००।- का दरले एकमुष्ट यो छात्रवृत्ति प्रदान गरिएको कुरा ति विद्यालयहरुमा कार्यरत प्र.अ.तथा शिक्षकहरुले बताएको पाइन्छ । यस अध्ययनका विद्यालयहरु पनि आदिबासी जनजातिको क्षेत्र भएकाले नमुनाका रुपमा छनौट भएका प्रायः आदिबासी जनजाति बढी देखिन्छन् । यो छात्रवृत्ति छनौट गर्दा सवै कक्षाबाट समावेशी रुपमा पर्ने गरि छनौट गरेको देखिन्छ ।

समग्रमा त्यहाँका वि.नि., प्र.अ. शिक्षक अभिभावकका विचारलाई सुन्दा छात्रवृत्ति कार्यक्रम, वितरणको उद्देश्य, योजना र प्रक्रिया विच घनिष्ठ सम्बन्ध देख्न सकिन्छ किनकि उद्देश्य अनुरुप योजना र योजना अनुरुप कार्यान्वयन भएन भने छात्रवृत्ति कार्याक्रमको उद्देश्य पूरा हुन सक्दैन त्यस्तै छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन योजनालाई सशक्त बनाउनु पर्ने र त्यसै अनुसार कार्यक्रम संचालन गर्नु पर्ने कुरा वि.नि., प्र.अ. शिक्षक तथा अभिभावकले बताएको पाइन्छ । छात्रवृत्ति रकमलाई समयमा नै वितरण गर्न र लक्षित व्यक्तिलाई प्रदान गर्ने संयन्त्रलाई प्रभावकारी बनाई विद्यार्थी भर्ना बढाउन, विद्यार्थी कक्षा छाड्ने दर घटाउन तथा सवैका लागि शिक्षा भन्ने

राष्ट्रिय उद्देश्यलाई पूरा गर्न ३ ओटा कुराहरु उद्देश्य, योजना र प्रक्रियाबीचको सम्बन्धलाई महत्व दिई त्यसै अनुसारको काम शिक्षा मन्त्रालय, विभाग, जि.शि.कार्यालय, विद्यालय तथा अभिभावक सवैले सहयोग गर्नु पर्ने कुरा यस अध्ययनका ४ ओटै विद्यालयका वि.नि., प्र.अ., शिक्षक तथा अभिभावकले बताएको पाइन्छ । नेपाल सरकारको आदिबासी तथा पीछडीएको वर्गको लागि छात्रवृत्ति प्रदान गर्ने नीति र यस अध्ययन क्षेत्रका विद्यालयमा छनोट भएका छात्रवृत्ति प्राप्त विद्यार्थी संख्यामा समरुपता देखिदैन । किनकि ती विद्यालयहरुका सबै आदिबासी जनजाति बालबालिकाहरुलाई एउटै मानेर छात्रवृत्ति प्रदान गरेको पाइयो । जसको कारणले कमजोर आर्थिक अवस्था भएका बालबालिकाले छात्रावृत्ति पाएका छैनन् भने तुलनात्मक रुपमा आर्थिक अवस्था राम्रो भएका बालबालिकाहरुले समेत छात्रवृत्ति पाउने अवसर पाएको देखिन्छ ।

### ४.२ प्राथमिक तहमा छात्रवृत्ति वितरणका प्रभावहरु

छात्रवृत्ति वितरणबाट छात्रवृत्ति प्राप्त विद्यार्थीहरुमा परेको प्रभावका बारेमा वि.नि., प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरुसँग प्रश्नावली, अर्न्तर्वाता र अवलोकन तथा विद्यालयको दस्तावेज मार्फत सूचना संकलन गरिएको थियो । जसमा विद्यार्थी भर्नामा पारेको प्रभाव, विद्यार्थी नियमिततामा पारेको प्रभाव, शैक्षिक उपलब्धिमा पारेको प्रभाव, शिक्षक र विद्यार्थीबीचको सम्बन्ध विद्यालयको अन्य अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता तथा आमाबाबुसँग विद्यार्थीको सम्बन्ध, साथीहरुसँगको सम्बन्ध तथा कक्षा क्रियाकलापमा पारेको प्रभावको बारेमा निम्न अनुसार पाइएको थियो ।

#### ४.२.१ छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव

छात्रवृत्ति कार्यक्रमले विद्यालयमा विद्यार्थी भर्ना गराउनलाई सकारात्मक प्रभाव पार्ने गर्दछ जसको कारण कक्षामा कति विद्यार्थी भर्ना भए कति भएनन् भन्ने आधारमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता के कस्तो छ भन्ने कुरा उल्लेख गर्न सकिन्छ । यस अध्ययनमा ४ ओटै विद्यालयमा रहेको विद्यार्थी भर्ना दर के-कति छ ती विद्यालयहरुका अभिलेखका आधारमा निम्न अनुसार देखिएको थियो ।

**तालिका नं १**

**छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव**

| क स | विद्यालय | विद्यार्थी भर्नादर |
|---|---|---|
| १ | श्री प्राथमिक विद्यालय सिस्वा-४ | ९६ .५ % |
| २ | श्री प्राथमिक विद्यालय रन्जितपुर-९ | ९३.६४% |
| ३ | श्री प्राथमिक विद्यालय लालबन्दी -५ | ९८.३० % |
| ४ | श्री प्राथमिक विद्यालय लालबन्दी -३ | ९३ .५६ % |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

नेपाल सरकारले सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने नीति अनुरुप छात्रावृत्ति कार्यक्रम संचालन गरेको छ । कार्लमाक्सले भनेझैं प्रत्येक सामाजिक परिवर्तनको आर्थिक कारण हुन्छ किनकि भोको पेटमा शिक्षा आर्जन गर्न सकिदैन । त्यसैले आर्थिक रुपले पछाडि परेका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरी विद्यालयमा जाने वातावरणको सृजना गर्नु पर्दछ । जसले गर्दा विद्यालयमा विद्यार्थी भर्ना दर बढाउन सहयोग पुऱ्याउँछ।

प्रस्तुत तालिका बाट के भन्न सकिन्छ भने छात्रवृत्ति वितरणले विद्यार्थीमा सकारात्मक प्रभाव पारेको देखिन्छ । ४ ओटै प्राथमिक विद्यालयहरुको विद्यार्थी भर्नादर नेपालको कुल भर्नादर ९३.७% र सर्लाही जिल्लाको कुल भर्नादर ८३.३ प्रतिशत (DOE, 2009/10) भन्दा राम्रो  देखिन्छ। त्यसमा पनि लालबन्दी ५ को प्राथमिक विद्यालयको भर्नादर सवै भन्दा उच्च देखिन्छ। जसको ९८.३ प्रतिशत रहेको छ भने सवैभन्दा कम लालबन्दी ३ को विद्यालयको ९३.५६ प्रतिशत देख्न सकिन्छ। त्यसैले छात्रवृत्तिको कारणले ति विद्यालयहरुले राम्रो संख्यामा विद्यार्थी भर्ना गरेको भन्न सकिन्छ। छात्रवृत्ति सबै विद्यालयमा वितरण गर्दा पनि सबै विद्यालयमा समान किसिमको भर्ना दर रहेको देखिदैन । किनकि ती सबै विद्यालयको सामाजिक परिवेश, धार्मिक अवस्था, आर्थिक कारणले गर्दा नभएको हो ।

### ४.२.२ छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीको नियमिततामा पारेको प्रभाव

विद्यालयमा विद्यार्थी नियमिततालाई कायम राख्न वा विद्यार्थीलाई कक्षामा टिकाई राख्न छात्रवृत्तिले सकारात्मक प्रभाव पार्दछ भन्ने हुन्छ तर पनि छात्रवृत्तिले के कति विद्यार्थी लाई नियमित

राख्दछ त्यसको प्रभावकारी कार्यान्वयनमा भर पर्दछ । यस अध्ययनका विद्यालयहरुमा विद्यार्थी नियमिततामा पारेको प्रभाव निम्न अनुसार देखिन्छ :

**तालिका नं २**

**छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी नियमितता पारेको प्रभाव**

| क स | विद्यालय | विद्यार्थी नियमितता |
|---|---|---|
| १ | श्री प्राथमिक विद्यालय सिस्वा-४ | ९५% |
| २ | श्री प्राथमिक विद्यालय रन्जितपुर-९ | ९०% |
| ३ | श्री प्राथमिक विद्यालय लालबन्दी -५ | ९५.२% |
| ४ | श्री प्राथमिक विद्यालय लालबन्दी -३ | ९१.४ % |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

आर्थिक कारणले गर्दा विद्यार्थी विद्यालयमा नियमित आउन नसक्ने वातावरण अन्त्य होस भन्ने उद्देश्यले नेपाल सरकारले आर्थिक , सामाजिक रुपले कमजोर बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ। जसरी आर्थिक अवस्थाका कारणले गर्दा बालबालिकाहरु पढाइ छाडेर काम गर्न जानुपर्ने हुन्छ। त्यसको कारण बालबालिकाहरुले सोचे अनुसार अध्ययनमा सफलता प्राप्त गर्न सक्दैनन्। त्यसैले बालबालिकाकालागि चाहिने शैक्षिक सामग्री छात्रवृत्ति रकमले सहयोग गरेको छ।

प्रस्तुत तालिकाबाट के भन्न सकिन्छ भने यस अध्ययनका लागि छनोट भएका ४ वटै विद्यालयहरुमा विद्यार्थी नियमितता राम्रो देखिन्छ । जसमा लालबन्दी ५ को विद्यालयमा विद्यार्थी नियमितता ९५.२ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम रन्जितपुर को विद्यालयमा ९० प्रतिशत विद्यार्थी नियमितता देखिन्छ । समग्रमा नेपालको विद्यार्थी नियमितता ८९.२ प्रतिशत (DOE, 2009/10) भन्दा ४ ओटै विद्यालयहरुको विद्यार्थी नियमितता राम्रै देखिन्छ। तर पनि जति हुनुपर्ने हो वा उद्देश्य र योजना अनुरुप भएको भने देखिँदैन । साथै सबै विद्यालयहरुमा समानरुपमा छात्रवृत्ति वितरण गर्दा पनि सबै विद्यालयमा समान रुपमा विद्यार्थी नियमितता देखिदैन । जसको कारणमा छात्रवृत्ति रकम अप्रयाप्त हुनु र ती सबै क्षेत्रका अभिभावकहरुमा शिक्षाप्रतिको चेतनाको अभाव र आर्थिक अवस्थामा रहेको विविधताको कारणले गर्दा भएको देखिन्छ।

### ४.२.३ छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

विद्यार्थीहरुको शैक्षिक उपलब्धि के कस्तो छ उनीहरुले के कस्तो अङ्क ल्याई कक्षा उत्तीर्ण गरेका छन् जसलाई छात्रवृत्ति कार्यक्रमले के कतिको सहयोग पुऱ्याएको छ । कुनै पनि विद्यार्थीले शैक्षिक क्षेत्रमा राम्रो उपलब्धी हाशिल गर्न उसलाई शैक्षिक क्षेत्रसँग सम्बन्धीत विभिन्न खालका शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । जुन शैक्षिक सामग्री किन्न आर्थिक कुराको आवश्यक पर्दछ । त्यसैले विद्यार्थीको लागि चाहिने कलम, कापी, झोला, पुस्तक आदिको सहज रुपमा उपलब्ध गराउन छात्रवृत्ति स्वरुप प्राप्त रकमले ठूलो सहयोग पुऱ्याएको छ । जसको कारणले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धिमा ठूलो सहयोग पुऱ्याएको छ । छात्रवृत्तिको प्रभाव कस्तो परेको छ । जसको बारेमा विद्यालयको दस्तावेज अध्ययनबाट प्राप्त जानकारीलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका नं ३**

**छात्रवृत्ति वितरण कार्यक्रमले शैक्षिक उपलब्धिमा पारेको प्रभाव**

| क.सं. | विद्यार्थीको संख्या/प्रतिशत | उपलब्धि |
|---|---|---|
| १ | १५ जना (७५%) | प्रथम श्रेणी |
| २ | ४ जना (२०%) | द्वितीय श्रेणी |
| ३ | १ जना (५%) | तृतीय श्रेणी |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिकाका आधारमा छात्रवृत्ति पाएका विद्यार्थीहरुको शैक्षिक उपलब्धि समग्रमा राम्रै देखिन्छ । लगभग ७५ प्रतशित विद्यार्थी प्रथम श्रेणीमा पास भएको देखिन्छ भने २० प्रतिशत विद्यार्थी द्वितीय श्रेणीमा र ५ प्रतिशत तृतीय श्रेणीमा पास भएको देखिन्छ । त्यसैले छात्रवृत्ति प्राप्त २० जना विद्यार्थीलाई यसले सकारात्मक प्रभाव पारेको देखिन्छ । जसले गर्दा ४ वटै विद्यालयहरुका छात्रवृत्ति प्राप्त विद्यार्थीको शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पारेको मान्न सकिन्छ । तर पनि सबै बालबालिका २० जनाले नै प्रथम श्रेणीमा उर्त्तिण नभएको देखिन्छ । छात्रवृत्ति रकम प्राप्त सबै विद्यार्थी शारीरिक , मानसिक तथा सामाजिक रुपमा विविधता हुनु हो । जस्तो की यस अध्ययनमा ५% छात्र छात्राले तृतीय श्रेणीमा कक्षा उर्त्तीण भएको पाइयो ।

### ४.२.४ छात्रवृत्तिले शिक्षक र विद्यार्थीबीचको सम्बन्धमा पारेको प्रभाव

शिक्षक र विद्यार्थीबीचको सम्बन्ध राम्रो भएमा मात्र शैक्षिक उद्देश्य पूरा गर्न र विद्यार्थीलाई आफ्नो शैक्षिक लक्ष्यमा पुग्न सजिलो हुन्छ । त्यसैले विद्यार्थीमा छात्रवृत्ति कार्यक्रमले कस्तो प्रभाव पारेको छ । त्यसका बारेमा जान्न शिक्षक र विद्यार्थीबीचको सम्बन्धको बारेमा पनि थाहा पाउन जरुरी हुन्छ । छात्रवृत्ति रकमको कारणले गर्दा सबै विद्यार्थीले आफ्नो लागि चाहिने किताव, कापी, कलम, झोला जस्ता शैक्षिक सामानहरु उपलब्ध गराउन सजिलो भएको छ जसले गर्दा विद्यार्थीले नियमित गृहकार्य गर्न सक्छन् । विद्यार्थी नियमित विद्यालयमा आउछन्, कक्षामा विद्यार्थीलाई अनुशासित गराउन सहयोग पुऱ्याउँछ । जसको कारण शिक्षक र विद्यार्थी बीचमा सकारात्मक सम्बन्ध रहेको पाउन सकिन्छ । शिक्षक र विद्यार्थीका अनुसार शिक्षक र विद्यार्थीबीचको सम्बन्धलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं ४**

**छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षक र विद्यार्थीबीचमा ल्याएको सम्बन्ध**

| क.सं. | विद्यालय | सम्बन्ध | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | श्री प्रा.वि. सिस्वा-४ | सकारात्मक | २ | ५ |
| २ | श्री प्रा.वि. रन्जितपुर-९ | सकारात्मक | २ | ५ |
| ३ | श्री प्रा.वि.लालबन्दी-५ | सकारात्मक | २ | ५ |
| ४ | श्री प्रा.वि. लालबन्दी-३ | सकारात्मक | २ | ५ |
| | जम्मा | | ८ | २० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिकाका आधारमा छात्रवृत्ति प्राप्त गरेका ४ वटै विद्यालयका विद्यार्थीहरुसँग शिक्षकको सम्बन्ध राम्रो सकारात्मक देखिन्छ । सबै विद्यार्थीले शिक्षकसँग छलफल अर्न्तक्रिया गृहकार्य जस्ता क्रियाकलाप गर्ने गरेको देखिन्छ । त्यसैले के भन्न सकिन्छ भने सबै २० जना १०० प्रतिशत विद्यार्थी ८ जना शिक्षकबीच राम्रो सम्बन्धकै कारण शैक्षिक उपलब्धि राम्रो भएको हो भन्न सकिन्छ ।

### ४.२.५ छात्रवृत्ति प्राप्त विद्यार्थीको अतिरिक्त क्रियाकलापमा सहभागिता

छात्रवृत्ति प्राप्त विद्यार्थीले आफ्ना विद्यालयमा सञ्चालन हुने विभिन्न खालका अतिरिक्त क्रियाकलापमा भाग लिने तथा नलिने गरेको देखिन्छ । छात्र छात्राका अनुसार छात्रवृत्तिको कारणले गर्दा विद्यार्थीमा पढाइमा हौसला मिलेको र विद्यालयमा आयोजना हुने विभिन्न खाले अतिरिक्त क्रियाकलापहरु जस्तैः खेलकुद, हाजिरजवाफ तथा वादविवाद प्रतियोगितामा भाग लिने गरेको बनाएको पाइन्छ । जसलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका नं ५**

**छात्रवृत्ति वितरण कार्यक्रमले अतिरिक्त क्रियाकलामा सहभागिता स्थिति**

| क.सं. | विद्यालय | अतिरिक्त क्रियाकलापमा | |
|---|---|---|---|
| | | भाग लिने र | भाग नलिने |
| १ | श्री प्रा.वि. सिस्वा-४ | ४ जना | १ जना |
| २ | श्री प्रा.वि. रन्जितपुर-९ | ५ जना | - |
| ३ | श्री प्रा.वि.लालबन्दी-५ | ५ जना | - |
| ४ | श्री प्रा.वि. लालबन्दी-३ | ३ जना | २ |
| | जम्मा | १७ जना | ३ जना |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिकाका आधारमा छात्रवृत्ति प्राप्त गरेका १७ जना विद्यार्थीले अतिरिक्त क्रियाकलापमा भाग लिने गरेको पाइयो त्यसमा पनि श्री प्रा.वि रञ्जितपुर र श्री प्रा.वि लालबन्दी ५ का सवै विद्यार्थी १० जना विद्यार्थीले भाग लिने गरेको पाइयो भने प्रा.वि. सिस्वाका १ जना विद्यार्थी र प्रा.वि लालबन्दी ३ का २ जना विद्यार्थीले अतिरिक्त क्रियाकलापमा भाग लिने नगरेको पाइयो ।

समग्रमा भन्दा ८५% (१७ जना) विद्यार्थीले अतिरिक्त क्रियाकलापमा भाग लिने गरेको पाइन्छ भने ३ जना (१५ %) विद्यार्थीले भाग लिने नगरेको पाइयो । सबै बालबालिकाले अतिरिक्त क्रियाकलापमा भाग लिएको पाइएन । जसको कारणमा बालबालिकाहरुको त्यस प्रति व्यक्तिगत रुचीको कारणले गर्दा हो ।

### ४.२.६ छात्रवृत्तिले विद्यार्थीहरुको कक्षा क्रियाकलापमा पारेको प्रभाव

छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको कक्षा क्रियाकलापमा के कस्तो सकारात्मक वा नकरात्मक प्रभाव पारेको छ भनी अन्तर्वार्ता र अवलोकन फाराम भरि सुचना संकलन गरिएको थियो । प्रायजसो ४ ओटै प्रा.वि.हरुमा विद्यार्थी नियमितता पाइयो भने ९० प्रतिशत भन्दा बढी विद्यार्थी नियमितता पाइयो भने लालबन्दी ३ को कक्षा नियमितता पाइयो भने लालबन्दी ३ को कक्षा नियमितता अरु ३ ओटा प्रा.वि. भन्दा कम पाइयो । त्यस्तै पाठ्यपुस्तक, कलम, कापी झोला सवै बालबालिकाहरुले ल्याएको पाइएन भने सवै ४ ओटै प्रा .वि का छात्रवृत्ति प्राप्त विद्यार्थीले भाग लिएको पाइयो भने सबै विद्यार्थी नियमित गृहकार्य गरेको पाइयो । विद्यालयमा आयोजना हुने विभिन्न खालका अतिरिक्त क्रियाकलापमा ८५ प्रतिशत विद्यार्थीले भाग लिने गरेको पाइयो तथा सबै विद्यार्थी अनुशासित र मर्यादित पाइयो भने सवै ४ ओटै विद्यालयका छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको सहपाठीसँगको सम्बन्ध पनि सकारात्मक पाइयो । त्यस्तै शिक्षकसँगको सम्बन्ध पनि राम्रो पाइयो र कक्षामा छलफल, अन्तरक्रिया जस्ता कार्यहरुमा विद्यार्थीको संलग्नता पनि राम्रै देखियो ।

## ४.३ छात्रवृत्ति वितरण कार्यक्रमको सवल र दुर्बल पक्षहरु

कुनै पनि कार्यक्रमको सबल दुर्वल पक्षहरु हुन्छन त्यसैले कार्यक्रमका सबल पक्षहरु के कति छन् । सबल पक्ष भन्दा दुर्बल पक्ष बढी छ कि घटि छ त्यसको आधारमा त्यस कार्यक्रमले कत्तिको प्रभावकारी कार्य गरेको छ भन्ने कुरा उल्लेख गर्न सकिन्छ । वि.नि, प्र.अ., शिक्षक र अभिभावकका विचारका आधारमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ । यस अध्ययनका क्रममा छात्रवृत्ति वितरण कार्यक्रमको सवल र दुर्बल पक्षहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

### ४.३.१ छात्रवृत्ति वितरण कार्यक्रमको सवल पक्षहरु

वि.नि, प्र.अ., शिक्षक र शिक्षिकाका अनुसार छात्रवृत्ति वितरण कार्यक्रमका सबल पक्षहरुमा विद्यालयमा विद्यार्थीलाई नियमित गर्ने, विद्यार्थीका अभिभावकलाई आफ्ना छोराछोरीलाई विद्यालयमा पठाउन सहयोग गर्ने, छात्रछात्राहरुको शैक्षिक उपलब्धिमा सुधार गर्नु जस्ता सबल पक्षहरु रहेको बताएका थिए ।

**वि.निका अनुसार छात्रवृत्ति कार्यक्रमका सवल पक्षहरु :**

क) छात्रवृत्ति कार्यक्रमले विद्यार्थी उपस्थिति दर बढाएको छ ।

ख) विद्यालयमा विद्यार्थीमा नियमित गएका छन् ।

ग) अभिभावकलाई आर्थिक भार कम गरेको छ ।

घ) विद्यार्थीको शैक्षिक उपलब्धी हासिल गर्न सहयोग पुऱ्याएको छ ।

**प्र.अ., शिक्षक र अभिभावकका अनुसार छात्रवृत्ति कार्यक्रमका सवल पक्षहरु :**

क) छात्रवृत्ति कार्यक्रमले गरिव विद्यार्थीका अभिभावकलाई राहत प्रदान गरेको छ ।

ख) सबै विद्यार्थीलाई विद्यालयमा भर्ना हुन प्रोत्साहन गरेकोछ ।

ग) विद्यार्थीको शैक्षिक उपलब्धीमा सुधार गर्न छात्रवृत्ति कार्यक्रमले सहयोग पुऱ्याएको छ ।

घ) छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीका लागि आवश्यक पर्ने कापी, किताव,कलम, ड्रेस किन्नलाई सहयोग पुऱ्याएको छ ।

### ४.३.२ छात्रवृत्ति कार्यक्रमको कमिकमजोरीहरु

वि.नि.का अनुसार शैक्षिक सत्र सुरु भएपछि अर्थात जेष्ठ १५ गते भित्र नै विद्यालयहरुले विद्यार्थी संख्याको विवरण जि.शि.का.मा नपढाउने, केन्द्रले पनि कोटा निर्धारण ढिलो गर्ने, कोष तथा लेखा नियन्त्रण विभागले रकम निकासा ढिलो गर्ने, विद्यालयले सही विद्यार्थी संख्या भन्दा बढि विद्यार्थी संख्या देखाउने आदि कमि कमजोरी रहेको बताएका पाइन्छ । त्यस्तै समयमा विद्यार्थीले छात्रवृत्ति रकम पाउन नसक्नु त्यस्तै किस्ता अनुसार रकम वितरण गर्न नसक्नु छात्रवृत्ति वितरण कार्यक्रमको दुर्बल पक्ष हो । प्र.अ. र शिक्षकका अनुसार छात्रवृत्तिका लागि जि.शि. कार्यालयले कोटा वितरण कार्यको जानकारी विद्यालयलाई समय नै जानकारी नगराउनु समयमै बजेट निकासा नगर्नु, जेष्ठ १५ गते पछि भर्ना भएका विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रममा समावेश गर्न नसक्नु जस्ता समस्या वा दुर्बलता रहेको जानकारी दिएका थिए । त्यस्तै जति सूचना गरे पनि सवै अभिभावकहरु छात्रवृत्ति लिन विद्यालयमा नआउनु तथा आएका अभिभावकले पनि सवै रकम विद्यार्थीको शिक्षामा खर्च नगर्नु आदि दुर्बल पक्ष देख्न सकिन्छ ।

अभिभावकका अनुसार छात्रवृत्ति वितरण कार्यक्रम अर्न्तगत विद्यार्थी छनोट छात्रवृत्ति वितरण जस्ता कार्यक्रम स्थानीय अभिभावकलाई समाबेस नगराउने, विद्यालयका प्र.अ.हरुले आफ्नो एकलौटी निर्णयबाट छात्रवृत्ति वितरण कार्यक्रम संचालन गर्ने भएकाले आर्थिक तथा सामाजिक

रुपमा पछाडि पारिएका बालबालिकाहरु छात्रवृत्ति वितरण कार्यक्रम नसमेटिएको प्रतिक्रिया अधिकांश अभिभावकको थियो भने केही अभिभावकले विद्यालयबाट प्राप्त हुने छात्रवृत्ति रकम समयमा उपलब्ध नहुने भएकाले आवश्यक परेका वेला आफ्ना बालबालिकालाई आवश्यक किताब, कापि, कलम किन्न समस्या हुने कुरा अभिभावकले बताइएको पाइन्छ ।

### ४.३.३ छात्रवृत्ति वितरण प्रक्रियाको अनुगमनमा रहेका कमीकमजोरीहरु

वि.नि.का अनुसार छात्रवृत्ति वितरण गरिसकेपछि प्रत्येक विद्यार्थीलाई दिइएको रकम सही सदुपयोग भए नभएको भन्ने बारेमा शिक्षक एवम् प्र.अ.हरुमध्ये केहीले मात्र छात्रवृत्ति वापत प्राप्त रकम के-के कामका खर्च हुने गरेको छ भन्ने बारेमा जानकारी लिने गर्दछन् तर अनुगमन गर्ने काम वि.नि.को हो भनेर पन्छिने प्रवृति रहेको देखिन्छ जसलाई कमिकमजोरी को रुपमा हेर्न सकिन्छ । प्र.अ. तथा शिक्षकका अनुसार छात्रवृत्ति बुझाएको भरपाई जाँच गर्ने बाहेक छात्रवृत्ति वितरणको कुनै प्रकारको अनुगमन सरकारी निकायबाट नहुने गुनासो राखेको पाइयो । जेष्ठ पछि भर्ना हुन आएका विद्यार्थी संख्या जि.शि.का. मा पठाए पनि त्यस्ता विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्नबाट बन्चित भएको पाइन्छ । अभिभावक एवं विद्यार्थीका अनुसार आमाबाबुलाई लिएर छात्रवृत्ति लिन जाने गरेको र छात्रवृत्ति पाइसकेपछि त्यो रकम के काममा खर्च गरेको भनी कसैले नसोध्ने गरेको अधिकांशले बताएको पाइन्छ । त्यस्तै वि.नि., प्र.अ. शिक्षक, व्यवस्थापन समिति कसैले पनि अनुगमन नगरेको देखिन्छ ।

## परिच्छेद – पाँच

## प्राप्ति,निष्कर्ष तथा सुझावहरु

### ५.१ प्राप्ति

सर्लाही जिल्ला अर्न्तगत जब्दी गा.वि.स. र लालबन्दी गा.वि.स मा पर्ने ४ ओटा प्राथमिक विद्यालयका प्र.अ. शिक्षक अभिभावक विद्यार्थी तथा त्यस विद्यालयहरु हेर्ने वि.नि. सँग खुल्ला प्रश्नावली, अर्न्तवार्ता र अवलोकन विधिबाट छात्रवृत्ति वितरण र त्यसले विद्यार्थीहरुमा पारेको प्रभाव शीर्षक संग सम्बन्धित प्राप्त भएको सुचनालाई व्याख्या र विश्लेषण गर्दा निम्न प्राप्तिहरु रहेका छन् :

- छात्रवृत्तिको उद्देश्य अनुसार योजनालाई ती विद्यालयहरुले प्रभावकारी कार्यान्वयन नगरेको पाइयो ।
- सबै विद्यालयमा छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति रकम अनिवार्य रुपमा अभिभावकको उपस्थितिमा विद्यार्थीहरुलाई भरपाई गराई वितरण गरेको पाइयो ।
- छात्रवृत्ति कार्यक्रमले सवै विद्यार्थीहरुलाई समेट्न नसकेको पाइयो ।
- छात्रवृत्ति प्रयोजनका विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको संख्या विवरण विद्यालयमा ढिलो पठाउने र विभागले पनि छात्रवृत्ति रकम समयमै विद्यालयमा नपठाएको पाइयो ।
- ३ ओटा विद्यालयहरुले एकमुस्ट फाल्गुनमा र एउटा विद्यालयले २ पटक भाद्र र फाल्गुनमा छात्रवृत्ति वितरण गरेको पाइयो ।
- छात्रवृत्तिले विद्यार्थीको कक्षा क्रियाकलापमा सकारात्मक प्रभाव पारेको पाइयो ।
- जि.शि.का.ले छात्रवृत्ति कोटा पारदर्शि रुपमा वितरण नगरेको पाइयो ।
- छात्रवृत्तिबाट विद्यार्थीको कक्षा नियमितता बढेको पाइयो ।
- ७५ प्रतिशत भन्दा बढी छात्रवृत्ति पाउने विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भएको पाइयो ।
- छात्रवृत्तिले ती विद्यालयका विद्यार्थीहरुलाई अध्ययनमा हौसला प्रदान गरेको पाइयो ।
- छात्रवृत्ति रकम गरिव, दलित, छात्रा, जेहेन्दार तथा असक्त छात्र छात्राहरुलाई दिइएको पाइयो ।
- छात्रवृत्ति रकमले विद्यार्थीहरुलाई आफ्नो कापि, कलम किन्न सहयोग गरेको पाइयो ।
- छात्रवृत्ति वितरणमा प्र.अ.को मात्र एकल भूमिका रहेको पाइयो ।
- छात्रवृत्ति वितरण प्रक्रियामा सरोकारवाला अभिभावकहरुलाई समावेश नगरेको पाइयो ।

- छात्रवृत्तिका लागि वितरण गरिएको रकम अपर्याप्त भएको पाइयो ।
- छात्रवृत्ति रकम विद्यालयले समयमै वितरण नगरेको पाइयो ।
- छात्रवृत्ति बापत प्राप्त रकम प्रायः सवै विद्यार्थीले सही सदुपयोग गरेको पाइयो ।
- छात्रवृत्ति प्रयोजनका लागि विद्यालयहरुले आफ्नो कुल विद्यार्थी भर्ना भन्दा बढी विद्यार्थी संख्या जि.शि.का. मा पठाउने गरेको पाइयो ।
- छात्रवृत्ति रकम बृद्धि गर्नु पर्ने अभिभावक तथा सरोकारवाला व्यक्तिहरुको रहेको देखिन्छ ।

## ५.२ निश्कर्ष

यस अध्ययन पश्चात प्राप्त तथ्यांङ्क र सुचनाको आधारमा निम्न अनुसार निश्कर्षमा पुग्न सकिन्छ । छात्रवृत्तिका कोटाहरु जि.शि.का.ले विद्यालय लाई वितरण गरेपछि विद्यालयमा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा गरिव, दलित तथा आर्थिक सामाजिक रुपले पिछडिएका बालबालिका छनौट गर्नुपर्ने देखिन्छ तर विद्यालयमा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा प्रधानाध्यापकको इच्छाको आधारमा समेत छात्रवृत्तिका लागि छात्रछात्रा छनौट गरिसकेपछि छनौटमा परेका विद्यार्थीहरुका अभिभावक बोलाई छात्रवृत्ति रकमको दुरुपयोगका बारेमा जानकारी नगराइकन नै छात्रवृत्ति वितरण गरेको देखिन्छ, त्यस्तै छात्रवृत्ति वितरण गर्दा योजना अनुसार नगरिएको पाइयो । विद्यालयहरुले छात्रवृत्ति वापतको रकम निर्धारित समय र मिति अनुसार वितरण कार्य भएको छैन छात्रवृत्ति बापत प्राप्त रकम को प्रयोग पायः जसो शैक्षिक सामग्री किन्न भएको पाइए तापनि सबै रकम त्यस्ता शैक्षिक सामग्री किन्न प्रयोग नगरेको पाइन्छ । विद्यालयमा छात्रवृत्ति वितरण कार्य भए नभएको लक्षित समुहका बालबालिकाले पाए नपाएको एकिन गर्न साथै रकमको दुरुपयोग स्थानिय समुदायको छात्रवृत्ति प्रतिको धारणाले लेखाजोखा र अनुगमन गरि सम्बन्धित जिल्ला शिक्षा कार्यालयको निरीक्षण प्राप्त परिणामको प्रतिवेदन जिल्ला शिक्षा कार्यालय मार्फत क्षेत्रीय शिक्षा निर्देशनालयका साथै शिक्षा विभागमा पठाउने हुन्छ तर विद्यालयमा छात्रवृत्ति वितरण कार्यको अनुगमन जि.शि. का.ले भूमिका काम चलाउ खालको मात्र देखिन्छ ।छात्रवृत्ति वापत प्राप्त रकमले आवश्यक शैक्षिक साग्रीहरुको परिपूर्ति गर्न सकेको पाइँदैन । लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति रकम अपर्याप्त भएको हुँदा वृद्धि गर्नुपर्ने धारणा अभिभावकहरुको पाइन्छ ।

त्यस्तै छात्रवृत्ति रकम प्राप्त विद्यार्थीहरुमा सकारात्मक प्रभाव पारेको पाइन्छ । विद्यार्थी नियमित विद्यालय जाने, विद्यार्थी र शिक्षक विच राम्रो सम्बन्ध, विद्यार्थी अनुशासित, विद्यालय भर्ना दरमा बृद्धि, वार्षिक परीक्षामा राम्रो अंक प्राप्त गरेको, नियमित गृहकार्य गर्ने गरेको, कापी,

कलम,पुस्तक सवैसँग भएको, सहपाठीसँग राम्रो सम्बन्ध भएको जस्ता विद्यार्थीहरुमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

त्यस्तै छात्रवृत्ति कार्यक्रमलाई अझ प्रभावकारी बनाउनलाई छात्रवृत्ति रकम समयमा नै वितरण गर्नुपर्ने, छात्रवृत्तिका बारेमा अभिभावलाई चेतना जगाउनु पर्ने, छात्रवृत्ति वितरण प्रक्रियालाई सरलिकरण गर्नु पर्ने छात्रवृत्ति रकमलाई दुरुपयोग हुन नदिन समय-समयमा अनुगमन गर्नु पर्ने जस्ता निश्कर्षमा पुग्न सकिन्छ ।

**५.३ सुझावहरु**

यस अध्ययनबाट प्राप्त परिणामको आधारमा निम्न लिखित सुझाव प्रस्तुत गर्न सकिन्छ :

- छात्रवृत्ति वितरणको उद्देश्य, योजना र प्रक्रियालाई एक अर्कासँग सम्बन्ध स्थापित गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा कुनै जात वा सामाजिक वा समुदाय भन्दा पनि गरिवी र सामाजिक रुपले पछाडि परेको वर्गलाई छनौट गर्नुपर्ने ।
- छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा अनिवार्य रुपमा प्रधानाध्यापक शिक्षक र व्यावस्थापन समिति, अभिभावक र वि.नि.को प्रत्यक्ष सहभागिता मात्र विद्यार्थी छनौट गर्नुपर्ने ।
- छात्रवृत्ति रकम नियमित ३ किस्तामा वितरण गर्नुपर्ने ।
- गाउँ स्तरिय निकाय जस्तै गा.वि.स.नगरपालिकालाई छात्रवृत्ति वितरण प्रक्रियाको अनुगमन गर्ने जिम्मेवारी दिने ।
- जि.शि.का. को छात्रवृत्ति व्यवस्थापन समितिलाई विद्यालयमा हुने छात्रवृत्तिका लागि विद्यार्थीहरुको छनौट तथा वितरणमा प्रत्यक्ष रुपमा क्रियाशिल बनाउने ।
- छात्रवृत्ति वितरणका लागि स्थानीय अभिभावक समेतलाई सहभागी गराई छात्रवृत्ति वितरण र अनुगमन समिति गठन गर्ने तथा सो गठित समितिलाई छात्रवृत्ति का लागि विद्यार्थी छनौट तथा छात्रवृत्ति वितरण कार्यको अनुगमनको लागि क्रियाशील बनाउने ।
- विद्यालयमा जेष्ठ महिनाभन्दा ढिलो भर्ना हुने विद्यार्थीहरुका लागि समेत छात्रवृत्तिको लागि व्यवस्था गर्न संयन्त्रको विकास गनुपर्ने ।
- छात्रवृत्तिको कोटा बढाउदै लानुपर्ने नीति सम्वन्धित निकायले लिनुपर्ने ।
- छात्रवृत्ति रकम बढाएर कम्तिमा रु १०००।-सम्म पु¥याउनु पर्ने । जसले गर्दा उनीहरुलाई आवश्यक कुराहरु किन्न सहयोग पुगोस ।

- छात्रवृत्ति वितरणका सम्बन्धमा वा प्रक्रियामा विद्यार्थी र अभिभावकलाई जानकारी गराउनु पर्ने ।
- छात्रवृत्ति रकम सम्वन्धित निकायले आ.व.को सुरु मै समयमा नै निकासा दिनुपर्ने ।
- विद्यालयमा अभिभावकको भेला गराउँदा आमा बाबु दुवैलाई उपस्थित गराउनु पर्ने ।
- छात्रवृत्ति रकम वितरण गर्दा निरन्तर रुपमा विद्यार्थीलाई वितरण गनुपर्ने ।
- अभिभावकलाई छात्रवृत्ति रकम विद्यार्थीको के कस्तो कार्यमा खर्च गर्नु पर्छ भन्ने कुरा अगाडि नै जानकारी गराउनुपर्ने ।

## सन्दर्भग्रन्थसूची


आचार्य, बलराम (२०६५), *अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन,* काठमाडौं : नेशनल बुक सेन्टर भोटाहिटी ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाईट पब्लिकेशन कीर्तिपुर ।

शर्मा, गोपीनाथ (२०६३), *नेपालको शिक्षाको इतिहास,* काठमाडौं : एम. के. पब्लिर्सस एण्ड डिष्ट्रिव्यटर्स, भोटाहिटी ।

शर्मा, चिरञ्जीवी (२०६६), *शिक्षाका आधारहरु,* काठमाडौं : राज अफसेट प्रेस,ताहाचल ।

*शिक्षा विभागद्वारा गरिएको अध्ययनहरुको प्रतिवेदन (२०६३-०६४)* अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा सानोठिमी , भक्तपुर ।

सेरिड (२०६२), *दलित छात्रवृत्ति प्रभावकारिता अध्ययन प्रतिवेदन,* काठमाडौ ।

सेरिड (२०६४), *प्राथमिक तहमा बालबालिका आकर्षित गर्ने अभियान,* काठमाडौं ।

*शैक्षिक विकासका विभिन्न पक्षहरु* (२०६७) मकालु प्रकाशन गृह डिल्लीबजार ।

*सोपान* मासिक (२०६७), वर्ष ७ अङ्क ६, पूर्णाङ्क ७९ मंसिर ।

Cannel, C and R . Kahn 1998 interuiewing. In lindzey and E. Aronson, A. 1968, Hand Book of Social Spychology. 2nd ed. USA, Mass Addision -Wesley.

Chaube Dr. S.P. (1995), Western educational philosophers, Vinod Pustak Mandir, Aagra.

Dewey John, (2001), Education and society: Memillan pubilshing company, New York.

Flash I REPORT (2009-2010), Department of Education Sanodhimi Bhaktapur.

Freeman, F.S. (1965), Theary And Practice of Psychological Testing (3rd ed. ) Oxford and IBH Publishing CO, New Delhi

Pohan W.J. (1975), Education in Evlauation , Englewood cliffs N.J: Prentice Hall .

## अनसूची एघार

### प्रधानाध्यापकसँग सूचना सङ्कलन गर्नका लागि निमार्ण गरिएको पश्नावलीको नमुना

विद्यालयको नाम : नामः

तह : योग्यताः

मितिः

१. विद्यालयमा छात्रवृत्ति वितरणका लागि विद्यार्थीको छनोट कसरी गर्नुहुन्छ ?

२. १ वर्षमा कति पटक विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नु हुन्छ ?

(क) १ पटक (ख) २ पटक (ग) ३ पटक (घ) सो भन्दा बढी

३. तपाईको विद्यालयमा कस्ता कस्ता किसिमका छात्रवृत्ति वितरण गरिन्छ ?

४. तपाईको विद्यालयमा कति प्रतिशत बालबालिकाहरुले छात्रवृत्ति पाएका छन् ?

५. छात्रवृत्ति वितरण प्रक्रियामा अभिभावकको सहभागिता कसरी गराउनु हुन्छ ?

६. कक्षा १ मा छात्रवृत्ति पाएको विद्यार्थीलाई क्रमशः (१-५) सम्म छात्रवृत्ति दिने गर्नु भएको छ ?

(क) छ (ख) छैन

७. विद्यार्थीले छात्रवृत्ति रकमलाई केमा खर्च गरेका छन् ? त्यसको अनुगमन गर्नु हुन्छ ?

(क) गर्छु (ख) गर्दिन

८. तपाईका विचारमा कस्ता विद्यार्थीका लागि छात्रवृत्ति दिनु उपयुक्त हुन्छ ?

९. छात्रवृत्ति पाएका विद्यार्थीहरु सबै विद्यालयमा नियमित रुपले आउने गर्दछन् ?

(क) गर्दछन् (ख) गर्दैनन्

१०. छात्रवृत्ति पाएका विद्यार्थीहरु सबै जनाले राम्रो अङ्क ल्याएर पास भएका छन् ?

(क) छन् (ख) छैनन्

११. छात्रवृत्ति पाएका विद्यार्थीहरु सबै जना नियमित रुपमा कक्षा उत्तीर्ण भएका छन्

(क) छन (ख) छैनन्

१२. छात्रवृत्ति पाउने सबै विद्यार्थीले प्राथमिक तह पूरा गरेका छन् ?

(क) छन् (ख) छैनन्

१३. छात्रवृत्ति र विद्यार्थीको शैक्षिक उपलब्धिमा कस्तो सम्बन्ध देख्नु हुन्छ ?

१४. छात्रवृत्ति सम्बन्धी देशको राष्ट्रिय नीति तथा उद्देश्यलाई कतिको ख्यान गरेर वितरण गर्नु भएको छ ?

१५ अन्त्यमा यसबारेमा केही भन्नु छ कि ?

धन्यवाद !

## अनसूची दस

**शिक्षकसँग सूचना सङ्कलन गर्नका लागि निमार्ण गरिएको पश्नावलीको नमुना**

नामः तह :

विद्यालयको नाम : योग्यताः

मितिः

१. तपाई आफ्ना कक्षाका कस्ता विद्यार्थीहरुलाई छात्रवृत्तिका लागि सिफारिस गर्नु हुन्छ ?

२. तपाई छात्रवृत्तिका लागि सिफारिस गर्दा कुन आधारमा गर्नुहुन्छ ?

३. छात्रवृत्ति कसरी वितरण गर्नुहुन्छ ?

४. छात्रवृत्ति रकम कसलाई दिनुहुन्छ ?

(क) विद्याथी ( ख) अभिभावक

५. तपाईको विचारमा छात्रवृत्ति रकम पर्याप्त छ ?

(क) छ (ख) छैन

६. छात्रवृत्ति वितरणका लागि कस्तो प्रक्रिया आवश्यक छ ?

७. छात्रवृत्ति वितरण सम्बन्धी प्रक्रिया अपनाउँदा स्थानीय प्रक्रिया वा सरकारी प्रक्रिया कुन अपनाउँदा उपयुक्त हुन्छ र किन ?

८. छात्रवृत्ति पाएको विद्यार्थी कक्षामा नियमित आउँछन् ?

(क) आउँछन (ख) आउँदैनन्

९. छात्रवृत्ति पाएका विद्यार्थीहरु कक्षामा नियमित गृहकार्य गर्दछन ?

१०. छात्रवृत्ति पाएको विद्यार्थीले कतिको राम्रो अङ्क पाएका छन् ?

(क) छन (ख) छैनन्

११ं छात्रवृत्ति पाएका विद्यार्थीहरुले विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भाग लिने गर्दछन् ?

(क) गर्छन (ख) गर्दैनन्

१२ . के छात्रवृत्ति पाएका विद्यार्थीहरुले आवश्यक शैक्षिक सामग्री लिएर आउँछन् ?

(क) आउँछन (ख) आउदैनन

१३. छात्रवृत्ति रकमले विद्यार्थीहरुलाई विद्यालयमा कतिको आकर्षित गरेको छ ?

१४. तपाईको विद्यालयमा वितरण गरिएको छात्रवृत्ति रकम विद्यार्थीहरुले कतिको सदुपयोग गरेको पाउनु हुन्छ ?

१५. हालको छात्रवृत्ति वितरण प्रक्रियालाई कतिको उपयुक्त ठान्नु हुन्छ ?

१६. तपाईको विद्यालयले आफ्नै स्रोतबाट कस्ता किसिमका छावृत्ति रकम उपलब्ध गराएको छ ?

१७. अन्त्यमा यसका बारेमा केही भन्नु छ कि ?

धन्यवाद !

## अनसूची बाह्र

### विद्यालय निरीक्षकसँग सूचना सङ्कलन गर्नका लागि निमार्ण गरिएको पश्नावलीको नमुना

नामः स्रोतकेन्द्र

तह : योग्यताः

मितिः

१. तपाईको स्रोतकेन्द्र अन्तर्गत प्राथमिक विद्यालयहरुमा कति प्रकारका छात्रवृत्ति वितरण गरिएको छ ? ति कुन-कुन हुन ?

२. तपाईको स्रोतकेन्द्रका प्रा.वि. तहका कति प्रतिशत विद्यार्थीहरु छात्रवृत्ति कार्यक्रमले समेट्न सकेको छ ?

३. प्रा.वि. तहमा छात्रवृत्तिका लागि कति रकम छुटयाएको छ ?

४. प्राथमिक तहमा छात्रवृत्ति वितरण गरे नगरेको अनुगमन गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

५. गर्नुहुन्छ भने १ वर्षमा विद्यालय कति पटक अनुगमन गर्ने गर्नुहुन्छ ?

(क) १ पटक (ख) २ पटक (ग)३ पटक (घ) सो भन्दा बढी

६. छात्रवृत्ति रकम विद्यालयले सरकारी नीति बमोजिम वितरण गरेको पाउनु भयो ?

७. प्रा.वि.विद्यालयहरुलाई के का आधारमा छात्रवृत्ति रकम छुटयाइने गरेको पाइन्छ ?

८. छात्रवृत्ति पाएका विद्यार्थीहरुमा के कस्तो शैक्षिक सुधारको महसुस गर्नुहुन्छ ?

९. छात्रवृत्ति कार्यक्रमले सबैका लागि शिक्षा भन्ने राष्ट्रिय उद्देश्य पूरा गर्न सक्ने पाइन्छ ?

(क) पाइन्छ (ख) पाइदैन

१०. छात्रवृत्ति रकमलाई अझ प्रभावकारी रुपमा सदुपयोग गर्न के कस्ता प्रयास गर्नुहुन्छ ?

११. छात्रवृत्ति कार्यक्रम र शैक्षिक उपलब्धिको सम्बन्धलाई कसरी लिनु हुन्छ ?

१२. अन्त्यमा यसबारेमा केही भन्नु छ कि ?

धन्यवाद !

## अनसूची नौ

## अवलोकन फारमको नमुना

विद्यालय : मितिः

नामः कक्षाः घण्टी :

| क.सं | अवलोकन गरिने पक्ष | छ | छैन |
|---|---|---|---|
| १ | विद्यालय नियमितता | | |
| २ | पाठ्यपुस्तक, कलम, कापी | | |
| ३ | गृहकार्य नियमितता | | |
| ४ | अतिरिक्त क्रियाकलापमा लिने गरेको सहभागिता | | |
| ५ | विद्यार्थी अनुशासन | | |
| ६ | सरसफाई | | |
| ७ | सहपाठीसँगको सम्बन्ध | | |
| ८ | शिक्षक र विद्यार्थीबीचको सम्बन्ध राम्रो | | |

धन्यवाद !

## अनसूची आठ

**अभिभावकसँग सूचना सङ्कलन गर्नका लागि निमार्ण गरिएको पश्नावलीको नमुना**

नामः मितिः

ठेगानाः पेसाः

शिक्षा

१. छात्रवृत्ति वितरण प्रक्रियामा तपाईलाई विद्यालयले सहभागी गराउने गरेको छ ?

(क) छ (ख) छैन

२. तपाईका कतिवटा वच्चाले छात्रवृत्ति पाएका छन् ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) सोभन्दा बढी

३. तपाईका छोराछोरीले वर्षमा कति पटक र कति रकमका दरले छात्रवृत्ति पाउने गरेका छन् ?

४. छात्रवृत्ति नगद र जिन्सी के को रुपमा विद्यालयले दिने गरेको छ ?

(क) नगद (ख) जिन्सी

५. छात्रवृत्ति रकमलाई विद्यार्थीको के कस्ता आवश्यकता पुरुष गर्न खर्च गर्नु भएको छ ?

६. विद्यार्थीले पाएको छात्रवृत्ति रकमले विद्यार्थीको पठनपाठन गर्ने कार्यमा पर्याप्त छ त ?

(क) छ (ख) छैन

७. छात्रवृत्ति रकम कति दिँदा उपयुक्त हुन्छ होला ?

८. छात्रवृत्ति रकमले तपाईलाई आफ्ना छोराछोरी विद्यालय पठाउन सजिलो भएको छ ? छ भने कसरी ?

९. छात्रवृत्तिका कारणले गर्दा तपाईको छोराछोरीको शैक्षिक उपलब्धि पहिले भन्दा सुधार भएको छ ?

(क) छ (ख) छैन

१०. तपाईको बच्चा नियमति विद्यालय जान्छ ?

(क) जान्छ (ख) जाँदैन

११. आफ्ना बच्चाको पढाइ सम्बन्धी कुरा बुझ्न विद्यालय जाने गर्नु हुन्छ ?

(क) जान्छु (ख) जादिन

१२. तपाईलाई सधै आफ्ना बच्चालाई छात्रवृत्ति दिइयोस जस्तो लाग्छ ? लाग्छ भने किन ?

१३. अन्त्यमा केही भन्न छ ?

धन्यवाद !

## अनसूची सात

## विद्यार्थीसँग लिइएको अन्तर्वार्ता सूचीको नमुना

नामः विद्यालय :

कक्षा उमेर

रोल नं. :

१. तिमी छात्रवृत्तिका लागि छनोट हुनका कारण के हो ?

२. छात्रवृत्ति वापत विद्यालयले तिमीलाई नगद वा जिन्सी के दिने गरेको छ?

(क) नगद (ख) जिन्सी

३. छात्रवृत्ति वापत पाएको नगद जिन्सी कसले लिन्छ।

(क) विद्यार्थी (ख) अभिभावक

४. छात्रवृत्ति वापत पाएको रकम के मा खर्च हुन्छ ?

५. तिमीले छात्रवृत्ति रकम वर्षमा कति पटक पाउँछौ ?

(क) १ पटक (ख) २ पटक (ग) ३ पटक (घ) सो भन्दा बढी

६. प्रत्येक कक्षामा छात्रवृत्ति पाएको छौ ?

(क) पाएको छु (ख) पाएको छैन

७. छात्रवृत्तिको कारणले तिम्रो शैक्षिक सुधार भएको छ ?

(क) छ (ख) छैन

८. सुधार भएको छ भने कस्तो सुधार भएको छ ?

९. छात्रवृत्ति नदिँदा तिमी विद्यालय पढ्न आउन सक्छौ ?

(क) सक्छु (ख) सक्दिन

१०. तिम्रो किताब कलम, कापी तथा अन्य शैक्षिक सामग्री किन्न छात्रवृत्तिको रकमले पुग्छ

(क) पुग्छ (ख) पुग्दैन

११. तिमीले कुन श्रेणीमा उत्तीर्ण हुने गरेका छन् ?

क) विशिष्ट (ख) प्रथम (ग) द्वितीय (घ) तृतीय

१२. छात्रवृत्ति नपाउने विद्यार्थी भन्दा तिमीले कक्षामा राम्रो गरेका छौं ?

(क) छु (ख) छैन

१३. तिम्रो शिक्षण सिकाइमा सुधार गर्न के गर्दा अझ राम्रो बनाउन सकिन्छ ?

समाप्त

## अनुसूची एक

## छनोटमा परेको विद्यालयको नामावली

१. श्री प्राथमिक विद्यालय सिस्वा -४

२. श्री प्राथमिक विद्यालय रन्जितपुर- ९

३ श्री प्राथमिक विद्यालय लालबन्दी - ५

४. श्री प्राथमिक विद्यालय लालबन्दी -३

## अनुसूची दुई

## छनोटमा परेका विद्यार्थीको नामावली

| क्र.सं | विद्यार्थीको नाम | विद्यालयको नाम |
|---|---|---|
| ज्ञ | कल्याणी कुमारी चौधरी | श्री प्रा.वि. सिस्वा |
| द्द | अनिता चौधरी | श्री प्रा.वि. सिस्वा |
| घ | श्रीधर हायु | श्री प्रा.वि. सिस्वा |
| द्ध | लालकुमार चौधरी | श्री प्रा.वि. सिस्वा |
| छ | राम कुमार वि.क. | श्री प्रा.वि. सिस्वा |
| ट | पल्ट सिंह कोश्वार | श्री प्रा.वि. रन्जितपुर |
| ठ | धर्वेन्द्र चौधरी | श्री प्रा.वि. रन्जितपुर |
| ड | सुमन चौधरी | श्री प्रा.वि. रन्जितपुर |
| ढ | बबिता चौधरी | श्री प्रा.वि. रन्जितपुर |
| ज्ञण | महेश उप्रेती | श्री प्रा.वि. रन्जितपुर |
| ज्ञज्ञ | यशोदा के.सी. | श्री प्रा.वि. लालबन्दी -५ |
| ज्ञद्द | जगदीश लामा | श्री प्रा.वि. लालबन्दी -५ |
| ज्ञघ | रोशन कुमार पोखरेल | श्री प्रा.वि. लालबन्दी -५ |
| ज्ञद्ध | निर्मला वि.क. | श्री प्रा.वि. लालबन्दी -५ |
| ज्ञछ | मिना वि.क. | श्री प्रा.वि. लालबन्दी -५ |
| ज्ञट | निशान्त तामाङ | श्री प्रा.वि. लालबन्दी -३ |
| ज्ञठ | रन्जिता तामाङ | श्री प्रा.वि. लालबन्दी -३ |
| ज्ञड | लक्ष्मी तामाङ | श्री प्रा.वि. लालबन्दी -३ |
| ज्ञढ | आर्या अर्याल | श्री प्रा.वि. लालबन्दी -३ |
| द्दण | प्रज्वल श्रेगठ | श्री प्रा.वि. लालबन्दी -३ |

## अनुसूची तीन

### छनोटमा परेका अभिभावकको नामावली

| क्र.सं | अभिभावकको नाम | ठेगाना |
|---|---|---|
| ज्ञ | मोहन चौधरी | सिस्वा -४ |
| द्द | चन्द्र सिंह चौधरी | सिस्वा -४ |
| घ | अमृता हायु | सिस्वा -४ |
| द्ध | भगलु चौधरी | सिस्वा -४ |
| छ | गम्भीर वि.क. | सिस्वा -४ |
| ट | राजकिशोर कोस्वार | रन्जितपुर -९ |
| ठ | राम एकवाल चौधरी | रन्जितपुर -९ |
| ड | छट्टु चौधरी | रन्जितपुर -९ |
| ढ | पल्टु चौधरी | रन्जितपुर -९ |
| ज्ञण | गोविन्दप्रसाद उप्रेती | रन्जितपुर -९ |
| ज्ञज्ञ | लमक्षण के.सीं | लालबन्दी -५ |
| ज्ञद्द | तेजबहादुर लामा | लालबन्दी -५ |
| ज्ञघ | शिवहरि पोखरेल | लालबन्दी -५ |
| ज्ञद्ध | भोला वि.क. | लालबन्दी -५ |
| ज्ञछ | नानीमाया वि.क. | लालबन्दी -५ |
| ज्ञट | रमेशमान तामाङ | लालबन्दी -३ |
| ज्ञठ | विजय तामाङ | लालबन्दी -३ |
| ज्ञड | मेनुका तामाङ | लालबन्दी -३ |
| ज्ञढ | श्याम प्रसाद अर्याल | लालबन्दी -३ |
| द्दण | उत्तम श्रेष्ठ | लालबन्दी -३ |

## अनुसूची चार

### छनोटमा परेका शिक्षकको नामावली

| क.सं | शिक्षकको नाम | ठेगाना |
|---|---|---|
| ज्ञ | रामदेव चौधरी | सिस्वा -४ |
| द्द | सीता चौधरी | सिस्वा -४ |
| घ | दिनेश उप्रेती | रन्जितपुर -९ |
| द्ध | रिमा अधिकारी | रन्जितपुर -९ |
| छ | लता दाहाल | लालबन्दी -५ |
| ट | शान्ता उपाध्याय | लालबन्दी -५ |
| ठ | देवी खड्का | लालबन्दी -३ |
| ड | ललित पाखिन | लालबन्दी -३ |

## अनुसूची पाँच

### छनोटमा परेका प्र.अ. को नामावली

| क.सं | शिक्षकको नाम | ठेगाना |
|---|---|---|
| ज्ञ | राजन प्रसाद ढुङ्गाना | श्री, प्रा. वि. सिस्वा -४ |
| द्द | गंगाप्रसाद उपाध्याय | श्री प्रा.वि. , रन्जितपुर -९ |
| घ | ज्ञानप्रसाद पोखरेल | श्री प्रा.वि. लालबन्दी -५ |
| द्ध | सरोज राय | श्री प्रा.वि लालबन्दी -३ |

## अनसूची छ

### छनोटमा परेका वि.नि. को नामावली

१. भरतबाबु सुवेदी